नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

गण्डकी प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४/२०७५

गण्डकी प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
अनुसन्धान तथा परामर्श सेवा बिभाग

लेखक

गीताञ्जली उपाध्याय
शिलु प्रधान
बिसाल चालिसे

भाषा सम्पादक

उत्तम आचार्य

प्रतिलिपि अधिकार

अनुसन्धान तथा परामर्श सेवा विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर

स्पष्टिकरण

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४/२०७५ शासकीय व्यवस्थाका विभिन्न पक्षहरूको बारेमा नागरिकहरूको विचार बुझ्न पहिलो पटक गरिएको हो । प्रस्तुत प्रतिवेदनमा व्यक्त गरिएका विचारहरू प्रतिष्ठानको अधिकारिक होइनन् ।

बिस्तृत जानकारी

अनुसन्धान र विकास केन्द्र
अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
इमेलः rcsd@nasc.org.np
URL: www.nasc.org.np

साभार गर्ने तरिक

उपाध्याय गीताञ्जली; प्रधान शिलु र चालिसे बिसाल २०७७, नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४/२०७५; गण्डकी प्रदेशको प्रादेशिक प्रतिवेदन । जावलाखेल, ललितपुर, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

कृतज्ञता

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को आधारमा गण्डकी प्रदेशको प्रादेशिक प्रतिवेदन तयार गर्ने कार्यमा हाम्रो समूहलाई छनौट गरी यो जिम्मेबारी प्रदान गर्नुभएकोमा यस प्रतिष्ठानको "अनुसन्धान परामर्श सेवा विभाग" प्रति आभार प्रकट गर्न चाहन्छौं । यस प्रतिवेदन तयार गर्ने क्रममा श्रृंखलाबद्ध रुपमा भएका छलफल बैठकबाट धेरै सिकाई भएको हुनाले हामी सबै प्रादेशिक टोलीका सदस्यहरूप्रति आभार व्यक्त गर्दछौं । यस प्रतिवेदनको भाषा सम्पादन गर्नुहुने श्री उत्तम आचार्यज्यूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं । अन्त्यमा, यस प्रतिवेदन तयार गर्ने कार्यमा आवश्यक छलफल एवं सुझाव दिई यस कार्य योजनालाई मूर्तरुप दिन सहयोग गर्नुहुने श्री अनिल कुमार गुप्ताज्यूलाई धन्यवाद दिन चाहन्छौं ।

कार्यकारी सारांश

- यस प्रतिवेदनमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सम्पन्न गरेको नेपालको राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को तथ्यांकमा आधारित रहेर शासकीय व्यवस्थाका विभिन्न पक्षहरूमा गण्डकी प्रदेशका नागरिकहरुको धारणा विश्लेषण गरिएको छ । उक्त राष्ट्रिय सर्वेक्षणमा कुल १२,८७२ उत्तरदाता रहेकोमा गण्डकी प्रदेशबाट १६३८ उत्तरदाता रहेका थिए । गण्डकी प्रदेशका उत्तरदाता भौगोलिक क्षेत्र अनुसार पहाडमा ६८ प्रतिशत र तराईमा २२ प्रतिशत थिए भने पालिका अनुसार हेर्दा गाँउपालिका र नगरपालिका दुबैबाट लगभग ५०–५० प्रतिशतको प्रतिनिधित्व गरेको देखिन्छ । जातीयतालाई आधार मानेर उत्तरदाताको विवरण हेर्दा सबभन्दा बढी पहाडी जनजाति (४४%) रहेका थिए भने सबभन्दा कम नेवार (२%) र तराई जनजाति (३%) रहेका थिए । त्यसैगरी उमेर अनुसार सबभन्दा बढी २५-५९ उमेर समूहका उत्तरदाता रहेका थिए भने सबभन्दा कम १८-२४ वर्ष उमेर समूहका रहेका थिए । शिक्षाको आधारमा हेर्दा निरक्षर उत्तरदाता २६ प्रतिशत भने उच्च शिक्षा प्राप्त गरेका समूहमा ४ प्रतिशत रहेका थिए । पेशाका आधारमा सबभन्दा बढी ५७ प्रतिशत उत्तरदाता घरायसी काम र कृषि पेशामा संलग्न रहेका थिए । उत्तरदाता मध्ये ७३ प्रतिशतले आफू मध्यमस्तरको रहेको भनेका थिए भने २५ प्रतिशतले गरीव भनेका थिए । जम्मा २ प्रतिशत उत्तरदाताले मात्रै आफू धनी भनेका थिए ।
- गण्डकी प्रदेशमा सार्वजनिक कियाकलापमा जस्तै वडा र गाउँको भेला, उपभोक्ता समूहका बैठकहरू, स्वयंसेवा र समाजसेवा, विद्यालयमा हुने अभिभावक शिक्षक बैठकमा सहभागी हुने नागरिक ५५ प्रतिशतभन्दा धेरै रहेको पाइयो । त्यसैगरी स्थानीय विकास योजनामा सहभागी भई छलफल गर्नेमा ३८ प्रतिशत मात्र रहेका छन् ।
- राज्यका राजनीतिक र सार्वजनिक संस्थाहरूको आफ्नो काम/कर्तव्य र नागरिकप्रतिको इमानदारीता तथा जवाफदेहिताले शासन प्रणालीको गुणस्तरीयतालाई दर्शाउने गर्दछ । उपभोक्ता समूहलाई ८५ प्रतिशत, स्थानीय सरकारलाई ८४ प्रतिशत, नेपाली सेना र मिडियालाई ८० प्रतिशतभन्दा धेरै नागरिकले इमानदारको रुपमा लिएको पाइएको थियो । भ्रष्टाचार नियन्त्रण गर्ने सरकारको प्रयासप्रतिको प्रश्नमा आधाभन्दा बढी (६१%) नागरिकले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भन्ने बताएका थिए ।
- सार्वजनिक वा सरकारी सेवा प्राप्त गर्दा घुस तिरेका छैन भन्नेमा ६५ प्रतिशत नागरिक रहेका थिए भने ३० प्रतिशत नागरिकले सार्वजनिक सेवा नै नलिएको पाइएको थियो । सेवा लिन जाँदा ४ प्रतिशत नागरिकले घुस तिरेको तथ्याङ्कले देखाएको छ ।

- परियोजना सम्बन्धी जानकारीमूलक बोर्डहरू राखेको भन्नेमा ५४ प्रतिशत नागरिकहरु जानकार भए तापनि यस कार्यको लागि सहभागिता शून्य रहेको पाइएको थियो । सबभन्दा बढी (४३ %) सहभागिता उपभोक्ता समिति र विद्यालयमा हुने सामाजिक परीक्षणमा भएको देखिएको छ ।
- न्याय तथा सामाजिक समावेशीताको परिप्रेक्ष्यमा सेवामा नागरिकको पहुँचको अवस्थालाई हेर्दा आधारभूत सेवा तथा सामाजिक सुरक्षाजस्ता सेवाहरूमा सबैको समान पहुँच रहेको कुरामा ८० प्रतिशत नागरिक सहमत रहेका थिए ।
- समाजमा विद्यमान विभिन्न विभेदहरू मध्ये तुलनात्मक रुपमा सबभन्दा बढी (३६%) विभेद नागरिकमाथि सरकारी कार्यालयमा पाइएको थियो भने दोस्रो ठूलो (३३%) विभेद दलितहरूमाथि समाजमा हुने गरेको पाइएको थियो । विगत १२ महिनामा आफू वा आफ्ना परिवारका सदस्यले विभेदको अनुभव कहिल्यै पनि गरेको छैन भन्नेमा अधिकांश नागरिकले आफ्नो धारणा व्यक्त गरेका थिए जुन सकारात्मक पक्ष हो । यद्यपि आर्थिक अवस्था (१८%) तथा राजनीतिक आबद्धताका आधारमा (१५%) नागरिकले विभेद अनुभव गरेको पाइएको थियो ।
- वि.स २०७४ सालमा सम्पन्न भएको तीन तहको निर्वाचनमा गण्डकी प्रदेशका उत्तरदातामध्ये ९२ प्रतिशतले मतदान गरेको पाइएको थियो । मतदाता सूचीमा नाम नभएकाले मतदान केन्द्रबाट मतदान नगरी फर्केको र राजनीतिक दल वा उम्मेदवारबाट नगद/सामाग्री बाँडेको जस्ता घटनाहरू क्रमशः १२ प्रतिशत र ९ प्रतिशत नागरिकले आफैंले देखेको उल्लेख गरेका थिए ।
- नेपालको संविधान २०७२ को बारेमा ७९ प्रतिशत नागरिकहरूले मात्र सुनेको बताएका थिए । संविधानमा भएको प्रावधानहरुमध्ये विभिन्न जातजातिका व्यक्तिहरुलाई राज्यमा समान अधिकार रहेको विषयमा सबैभन्दा बढी जानकारी रहेको बताएका थिए भने सबैभन्दा कम जानकारी स्थानीय सरकारको जिम्मेवारी र अधिकार सम्बन्धी रहेको पाइएको थियो ।
- यस सर्वेक्षणमा निर्वाचित प्रादेशिक तथा स्थानीय सरकारको आउँदो पाँच वर्षको लागि विकासको प्राथमिकतामा के हुनु पर्दछ भनि नागरिकलाई सोधिएको थियो । सडक निर्माण कार्यलाई पहिलो प्राथमिकता भने स्वास्थ्य सेवाको सुधारलाई दोस्रो प्राथमिकतामा राखेको पाइएको थियो । त्यसैगरी स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधारको अवस्थालाई हेर्दा ८३ प्रतिशत नागरिकहरूले केही मात्रामा सुधार गर्ने छन् भनि बताएका थिए ।
- राजनीतिक दलका क्रियाकलापको बारेमा जानकारी नभएको (४१%) भन्दा जानकारी भएको (५८%) नागरिकहरु बढी पाइएको थियो । सबभन्दा बढी (५३%) नागरिकले उम्मेदवारको छनौट पहिला सम्पन्न गरेको कामको आधारमा र सबभन्दा कम (९%) पार्टीलाई चन्दा दिएको आधारमा हुने गरेका बताएका थिए ।

- नागरिक सरोकारका विषयहरूमा सरकारले विभिन्न माध्यम जस्तै बैठक, विज्ञापन, रेडियो अभियानहरूबाट सूचना सम्प्रेषण नियमित रुपमा गर्दछ भन्नेमा सहमति जनाउने २६ प्रतिशत नागरिकहरु पाइएको थियो भने कहिलेकाहीँ सूचना सम्प्रेषण गर्छ भन्नेमा ५३ प्रतिशत नागरिकहरु पाइएको थियो । सरकारले प्रदान गरेका सूचना स्पष्ट रुपमा बुझ्ने नागरिक ३५ प्रतिशत देखिएका थिए भने ५९ प्रतिशत नागरिकले केही मात्रामा मात्र बुझेको उल्लेख गरेका थिए ।

- आधारभूत सामाजिक सुरक्षा जस्तै निःशुल्क औषधी र स्वास्थ्य सुबिधा (८०%), निःशुल्क आधारभूत र माध्यमिक शिक्षा (४९%), वृद्ध भत्ता (३०%) र छात्राहरूको लागि छात्रवृत्ति (२८%) क्रमशः नागरिकले सुबिधा लिएको उल्लेख गरेका थिए । स्वास्थ्य बीमामा र महिलाहरूलाई जग्गा दर्ता शुल्कमा छुटबारे सबभन्दा बढी नागरिकले सुनेको तर सुबिधा नलिएको बताएका थिए ।

- सबभन्दा बढी (९३%) नागरिकले वृद्ध/अपाङ्ग/विधवा आदिका लागि सामाजिक सुरक्षामा सुधार आएको भनि बताएका थिए भने उपभोक्ताको अधिकारमा २१ प्रतिशत र खाद्य सुरक्षामा १९ प्रतिशत नागरिकले अवस्था उस्तै छ भनि बताएका थिए । सबभन्दा बढी (८३%) नागरिकले आपद्–विपद् परेको बेलामा टोल/छिमेक/साथीहरूलाई पहिलो प्राथमिकतामा राखेको थिए भने दोस्रो प्राथमिकतामा प्रहरीसेवालाई (५०%) राखेका थिए ।

- सार्वजनिक सेवा लिन जाँदाको अनुभव हेर्दा ६१ प्रतिशत नागरिकले कसैको सहयोग बिना सेवा प्राप्त गरेको बताएका थिए भने ८३ प्रतिशत नागरिकले प्रथम पटकमा नै सेवा प्राप्त गर्ने गरेको बताएका थिए ।

- सेवा शुल्क तिरेको सबै रकमको रसिद पाएको भन्नेमा ४४ प्रतिशत नागरिक थिए भने ४९ प्रतिशत नागरिकले कुनै पनि सेवा शुल्क तिर्नु नपरेको भनेका थिए । सेवा शुल्क तिरेको तर सबै रकमको रसिद नपाएको भन्नेमा मात्र ७ प्रतिशत नागरिक रहेका थिए । सरकारी कर्मचारीले सेवाग्राहीका कुराहरू राम्रोसंग सुन्छन् र बुझ्छन् भन्नेमा ७२ प्रतिशत नागरिक सहमत रहेका थिए । सार्वजनिक सेवामा आफ्नो मान्छे नहुँदा सेवा लिन अवरोध हुन्छ भन्नेमा सबभन्दा बढी (८४%) नागरिकले सहमति जनाएका थिए । साथै, यदि कसैसँग चिनेको वा पहुँच छ भने जसरी पनि काम हुन्छ भन्नेमा अधिकांश नागरिक सहमत भएको पाइएको थियो । यद्यपि सेवा प्राप्त गरेर सन्तुष्टी व्यक्त गर्ने नागरिक अधिकांश (८६%) रहेको थिए भने करिव १० प्रतिशत मात्रैले असन्तुष्टी व्यक्त गरेका थिए ।

- यस सर्वेक्षण अनुसार समग्र रुपमा नेपाली नागरिक देशको भविष्य प्रति आशावादी रहेको देखिएको थियो । गण्डकी प्रदेशमा देश सही दिशामा गईरहेको छ भनि ८९ प्रतिशत नागरिक र गलत दिशामा गईरहेको छ भनि ८ प्रतिशत नागरिकको धारणा पाइएको थियो । देशको वर्तमान आर्थिक अवस्थामा सुधार हुन्छ भन्नेमा ९० प्रतिशत नागरिक सहमत रहेको पाइएको थियो ।

विषय सूची

कृतज्ञता	क
कार्यकारी सारांश	ख
विषय सूची	ङ
चित्र सूची	छ
तालिका सूची	ज
परिच्छेद १: परिचय	**१**
१.१ पृष्ठभूमि	१
१.२ प्रदेशको परिचय	१
१.३ सर्वेक्षण विधि	२
१.४ उत्तरदाताको परिचय	३
१.५ प्रतिवेदनको स्वरूप	३
परिच्छेद २: शासकीय व्यवस्थाको आधारशिला	**४**
२.१ सार्वजनिक कियाकलापमा सहभागिता	४
२.२ स्थानीय विकास योजनामा सहभागिता	५
२.३ सार्वजनिक तथा राजनीतिकसंस्थाहरूको इमानदारीता	६
२.४ भ्रष्टाचार नियन्त्रण	७
२.५ सार्वजनिक तथा सरकारी सेवामा घुस	७
२.६ जवाफदेहीताको संयन्त्र	८
२.७ सेवामा पँहुच	९
२.८: सार्वजनिक स्थलमा हुने विभेद	१०
२.९ विभेदको अनुभव	११
२.१० सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार	११
२.११ सुरक्षाको अनुभव	१२
परिच्छेद ३: शासकीय व्यवस्थाका पूर्वाधारहरू	**१३**
३.१ मतदानमा सहभागिता	१३
३.२ चुनावको गुणस्तरीयता	१४
३.३ संविधानको बारेमा जानकारी	१५

३.४ राज्य शक्तिको बाँडफाँड १६
३.५ विकासको प्राथमिकता १७
३.६ स्थानीय सरकारको कार्यसम्पादन १८
३.७ स्थानीय शासन प्रणालीमा सुधार १८
३.८ राजनीतिक दलका क्रियाकलापबारेको जानकारी १९
३.९ राजनीतिक दलप्रतिको विश्वास २०
३.१० राजनीतिक दलको उम्मेदवारको छनौट २१
३.११ नागरिक चासोका विषयहरूमा सञ्चार २२
३.१२ सरकारले दिएको सूचनाको स्पष्टता २३
३.१३ आधारभूत सामाजिक सुरक्षा २४
३.१४ सुरक्षाको अवस्था २५
३.१५ आपद्-विपद्को बेलामा सहयोग २६

परिच्छेद ४: सार्वजनिक सेवा प्रवाह २७

४.१ सार्वजनिक सेवाको प्रयोग २७
४.२ सेवा प्राप्त गर्न गरेको प्रयास २८
४.३ सार्वजनिक सेवा बापत तिरेको रकम २९
४.४ सेवा प्रदायकको व्यवहार ३०
४.५ सार्वजनिक सेवा प्राप्त गर्दाको अवरोध ३१
४.६ सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता ३२
४.७ सार्वजनिक सेवाको वातावरण ३४
४.८ सार्वजनिक सेवा प्राप्तिको सन्तुष्टी ३५

परिच्छेद ५ भविष्यप्रतिको धारणा ३६

५.१ देशको आगामी दिशा ३६
५.२ देशको आगामी अवस्थामा सुधार ३७
सन्दर्भ सामग्री ३८
अनुसूची ३९

चित्र सूची

चित्र २.१: सार्वजनिक क्रियाकलापमा सहभागिता ४
चित्र २.२: स्थानीय विकास योजनामा सहभागिता ५
चित्र २.३: सार्वजनिक संस्थाप्रतिको विश्वास ६
चित्र २.४: भ्रष्टाचार नियन्त्रणत्र ७
चित्र २.५: सार्वजनिक तथा सरकारी सेवामा घुस ८
चित्र २.६: जवाफदेहीताको संयन्त्र ९
चित्र २.७: सेवामा नागरिकको पहुँच ९
चित्र २.८: सार्वजनिक स्थलमा हुने विभेद १०
चित्र २.९: विभेदको अनुभव ११
चित्र २.१०: सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार १२
चित्र २.११: सुरक्षाको अनुभव १२
चित्र ३.१: मतदानमा सहभागिता १३
चित्र ३.२: निर्वाचन क्षेत्रको वरिपरि घटनाहरू भए/नभएको १४
चित्र ३.३: चुनावको गुणस्तरीयता १५
चित्र ३.४: संवैधानिक प्रावधानका बारेमा जानकारी १६
चित्र ३.५: प्रादेशिक तथा स्थानीय सरकारको विकासमा हुनु पर्ने प्राथमिकता १७
चित्र ३.६: स्थानीय सरकारको कार्यसम्पादन १८
चित्र ३.७: स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार १९
चित्र ३.८: राजनीतिक दलका क्रियाकलाप वारेको जानकारी २०
चित्र ३.९: राजनीतिक दलहरूप्रतिको विश्वास २१
चित्र ३.१०: राजनीतिक दलको उम्मेदवारको छनौट २१
चित्र ३.११: नागरिक चासोका विषयहरूमा सञ्चार २२
चित्र ३.१२: सरकारले दिएको सूचनाको स्पष्टता २३
चित्र ३.१३: आधारभूत सामाजिक सुरक्षा २४
चित्र ३.१४: सुरक्षाको अवस्था २५
चित्र ३.१५: मद्दतको लागि जाने २६
चित्र ४.१: सार्वजनिक सेवाको प्रयोग २७
चित्र ४.२: सेवा लिनको लागि सहायता २८
चित्र ४.३: सेवा प्राप्त गर्न गरेको प्रयास २९
चित्र ४.४: सेवा प्राप्त गर्दा शुल्क तिरेको ३०

चित्र ४.५: सेवा प्रदायकको व्यवहार ३१
चित्र ४.६: सार्वजनिक सेवा प्राप्त गर्दाको अवरोध ३२
चित्र ४.७: सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता ३३
चित्र ४.८: सेवा लिनको असहजता ३३
चित्र ४.९: सार्वजनिक सेवाको वातावरण ३४
चित्र ४.१०: सार्वजनिक सेवा प्राप्तिको सन्तुष्टी ३५
चित्र ५.१: देशको आगामी दिशा ३६
चित्र ५.२: देशको आगामी अवस्था ३७

तालिका सूची

तालिका १.१: नागरिकको सामाजिक जनसङ्ख्याको विवरण ३९
तालिका २.१: स्थानीय विकास योजनामा सहभागी र छलफल ४०
तलिका २.२: भ्रष्टाचार नियन्त्रणप्रतिको धारणा ४१
तालिका २.३: सार्वजनिक तथा सरकारी सेवामा घुस ४२
तालिका ३.१: मतदानमा सहभागिता ४३
तालिका ३.२: संविधानको बारेमा ज्ञान ४४
तालिका ३.३: स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार ४५
तालिका ३.४: राजनैतिक दलका क्रियाकलाप बारे जानकारी ४६
तालिका ३.५: नागरिक चासोका विषयहरूको सञ्चार ४७
तालिका ३.६: सरकारले दिएको सूचनाको स्पष्टता ४८
तालिका ४.१: सार्वजनिक सेवाको प्रयोग ४९
तालिका ४.२: सेवा प्राप्त गर्न गरेको प्रयास ५०
तालिका ४.३: सेवा लिदाँ शुल्क तिरेका ५१
तालिका ४.४: सार्वजनिक सेवा प्राप्तिको सन्तुष्टी ५२
तालिका ५.१: देशको आगामी दिशा ५३

परिच्छेद

१ परिचय

१.१ पृष्ठभूमि

यो प्रतिवेदन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सम्पन्न गरेको नेपालको राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को नतिजामा आधारित छ । नयाँ संविधान २०७२ लागू भएसँगै नेपालको संघीय संरचना र शासकीय पद्धतिमा आएको परिवर्तनले नागरिकहरुमा प्रशासन र राज्य प्रतिको अपेक्षा बढाएको छ । त्यसै सन्दर्भमा शासकीय प्रणालीका विभिन्न आयामहरुमा नागरिकहरुको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ सम्पन्न गरिएको थियो । यो प्रतिवेदनमा उक्त राष्ट्रिय सर्वेक्षणको तथ्यांकमा आधारित रहेर शासकीय व्यवस्थाका विभिन्न पक्षहरूमा गण्डकी प्रदेशका नागरिकहरुको धारणा विश्लेषण गरिएको छ । सर्वेक्षणका उद्देश्यहरु निम्न बमोजिम रहेको थियो :

(क) शासकीय प्रणालीका विभिन्न आयामहरुको वर्तमान स्थितिप्रति नागरिकहरुको धारणा बुझ्ने ।

(ख) नीति निर्माण र शासकीय प्रणाली पुनर्संरचनाको लागि संघ, प्रदेश र स्थानीय सरकारलाई तथ्यको आधार तयार गर्ने ।

(ग) सार्वजनिक प्रशासनको क्षमता विकास र शैक्षिक अध्ययन र अनुसन्धानको लागि सन्दर्भ सामाग्रीको विकास गर्ने ।

१.२ प्रदेशको परिचय

नेपालको संविधान अनुसार देशमा हाल ७५३ स्थानीय तह, ७ प्रदेश र एक संघीय सरकार रहेका छन् । यी मध्ये साबिकका धौलागिरि अञ्चलका ४ जिल्ला (म्याग्दी, मुस्ताङ्ग, पर्वत र बागलुङ्ग), गण्डकी अञ्चलका ६ जिल्ला (गोरखा, लमजुङ्ग, मनाङ्ग, स्याङ्जा, कास्की र तनहूँ) र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू–भाग समेटी कुल ११ जिल्लाको गण्डकी प्रदेश कायम भएको हो । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी.मध्ये गण्डकी प्रदेशले २१,७३३ वर्ग कि.मी. अर्थात् करिव १५ प्रतिशत क्षेत्रफल ओगटेको छ । यस प्रदेशको कुल क्षेत्रफलमा हिमाली भू–भाग ५,८१९ वर्ग कि.मी. (२७%), पहाडी भू–भाग १४,६०४ वर्ग कि.मी. (६७%) र तराई भू–भाग १,३१० वर्ग कि.मी. (६%) पर्दछ ।

गण्डकी प्रदेशमा एक महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन् । त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र रहेका छन् । प्रदेश सभामा समानुपातिकसहित कुल ६० सदस्य रहन सक्ने संवैधानिक प्रावधान छ ।

नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये यस प्रदेशको जनसङ्ख्या २४,०३,०१६ रहेको छ जुन कुल जनसङ्ख्याको ९.०६ प्रतिशत हुन आउँछ । यसमध्ये पुरुषको जनसङ्ख्या ९,४८,०२९ र महिलाको जनसङ्ख्या ११,४४,१२४ रहेको छ । यस प्रदेशको कुल जनघनत्व ११० जना प्रति वर्ग किलोमिटर रहेको छ । यसमा नगरपालिकामा बसोबास गर्ने जनसङ्ख्या १४,५२,१८६ (६१%) र गाउँपालिकामा बसोबास गर्ने जनसङ्ख्या ९,४३,६५२ (३९%) रहेको छ । त्यस्तै यस प्रदेशको कुल जनसङ्ख्याको ५०% जनसङ्ख्या आर्थिक रुपमा सक्रिय रहेको छ ।

१.३ सर्वेक्षण विधि

नेपालको संविधान २०७२ जारी भएसँगै देश नयाँ शासकीय प्रणालीमा प्रवेश गर्यो । यो ऐतिहासिक परिवर्तनले नेपाली राज्य संरचनालाई एकात्मक केन्द्रिकृत राज्यबाट संघीय गणतन्त्रमा रुपान्तरण गरेको छ । राज्य रुपान्तरणको ऐतिहासिक क्रममा नेपालको शासकीय प्रणालीका विभिन्न आयामहरुमा नागरिकहरुको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ गरिएको थियो । सर्वेक्षणमा देशभरीबाट जम्मा १२,८७२ नागरिकहरुसँग अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्न जिल्ला, नगरपालिका / गाउँपालिका, मतदानकेन्द्र तथा व्यक्ति गरी कुल चार तहमा नमूना छनौट गरिएको थियो । २०७४ मा सम्पन्न भएको स्थानीय, प्रदेश र संघको निर्वाचनको लागि निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीबाट वैज्ञानिक विधि प्रयोग गरी उत्तरदाताहरु छानिएका थिए । सात वटा प्रदेश र भौगोलिक क्षेत्र (हिमाल, पहाड र तराई) को आधारमा ७७ वटा जिल्लामध्ये ४३ जिल्ला छनौट भएका थिए । ती जिल्लाहरूबाट ८८ नगरपालिका र ७५ गाउँपालिका गरी १६४ स्थानीय तहहरु छानिएको थियो । यसैगरी नगरपालिकाहरुबाट ३०० र गाँउपालिकाहरुबाट ३४६ गरी जम्मा ६४६ मतदान केन्द्रहरु छानिएको थियो । प्रत्येक मतदान केन्द्रबाट २० जना मतदाताहरुलाई मुख्य उत्तरदाता र १० जना बैकल्पिक उत्तरदाता छानिएको थियो । गण्डकी प्रदेशमा नगरपालिकाहरुबाट ८३८ र गाँउपालिकाहरुबाट ८०० गरी जम्मा १६३८ नागरिकहरूसँग अन्तर्वार्ता गरी तथ्याङ्क संकलन गरिएको थियो ।

सर्वेक्षणको प्रश्नावली केन्द्रीय तथ्यांक विभाग, सरकारी प्रतिनिधि, गैरसरकारी संस्था, नागरिक समाज, अनुसन्धान संस्थाहरु, प्राज्ञिक व्यक्ति र अन्य सरोकारवालाहरूसँगको छलफल/अन्तरक्रिया र बिषय विज्ञको सहयोगबाट तयार गरिएको थियो । प्रश्नावलीलाई विभिन्न चरणको परीक्षण र पुनरावलोकन गरी KoboCollect तथ्याङ्क संकलन सफ्टवेयरमा प्रविष्ट गरिएको थियो । तथ्याङ्क संकलनको लागि स्थलगत

कार्य गर्न जम्मा १७ क्लस्टर (प्रत्येकमा २ देखि ४ जिल्ला) बनाई हरेकमा ३ देखि ५ तथ्याङ्क संकलनकर्ता खटाइएको थियो । तथ्याङ्क संकलनको कार्य २०७४ पुसदेखि फागुनसम्म गरिएको थियो । संकलन गरिएको तथ्याङ्कलाई विषय विज्ञहरुले परीक्षण गरेका थिए भने केन्द्रीय तथ्याङ्क विभागको परामर्शमा आवश्यक सम्पादन गरिएको थियो ।

१.४ उत्तरदाताको परिचय

गण्डकी प्रदेशका उत्तरदाता भौगोलिक क्षेत्र अनुसार ठूलो प्रतिशत पहाड (६८%) र तराई (२२%) का थिए भने सबभन्दा कम हिमालमा बस्ने (१०%) रहेका थिए । यी उत्तरदाताको विवरण पालिका अनुसार हेर्दा गाउँपालिका (४९%) र नगरपालिका (५१%) बाट लगभग समान रुपले प्रतिनिधित्व गरेको देखिन्छ । जातीयतालाई आधार मानेर उत्तरदाताको विवरण हेर्दा ६ किसिमको जातहरूको प्रतिनिधित्व भएको पाईएको थियो । जसमा सबभन्दा बढी पहाडी जनजाति (४४%), पहाडी ब्राह्मण संन्यासी (२१%), दलित (१८%) र पहाडी क्षेत्री ठकुरी (१४%) रहेका थिए । त्यस्तै सबभन्दा कम संख्यामा नेवार (२%) र तराई जनजाति (३%) का उत्तरदाता रहेका थिए भने मुसलमान र तराई जातको प्रतिनिधित्व थिएन ।

त्यसैगरी उमेर समूह अनुसार सबभन्दा बढी २५-५९ उमेर समूहका ६७ प्रतिशत रहेका थिए भने सबभन्दा कम १८-२४ वर्ष उमेर समूहका १२ प्रतिशत उत्तरदाता रहेका थिए । शिक्षाको आधारमा हेर्दा निरक्षर २६ प्रतिशत रहेका थिए भने आधारभूत शिक्षा २५ प्रतिशत, माध्यमिक शिक्षा २४ प्रतिशत, पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको २१ प्रतिशत, र उच्च शिक्षा हासिल गरेका ४ प्रतिशत थिए ।

पेशा अनुसार घरायसी काममा ३० प्रतिशत, कृषिमा २७ प्रतिशत उत्तरदाता संलग्न थिए भने सेवा क्षेत्रमा १५ प्रतिशत मात्र संलग्न थिए । वेरोजगार रहेको भन्नेमा १२ प्रतिशत, व्यापार गर्नेमा १० प्रतिशत संलग्न थिए भने ज्यालादारी काममा ४ प्रतिशत मात्र संलग्न थिए । आर्थिक अवस्था अनुसार आफूलाई मध्यमस्तरको भन्नेमा ७३ प्रतिशत, गरीव भन्नेमा २५ प्रतिशत र धनी भन्नेमा २ प्रतिशत उत्तरदाता रहेका थिए (अनुसूची १: तालिका १.१) ।

१.५ प्रतिवेदनको स्वरूप

प्रस्तुत प्रतिवेदनलाई ६ भागमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचय र पृष्ठभूमि, प्रदेशको संक्षिप्त जानकारी, सर्वेक्षणको विधि र उत्तरदाताको जानकारी समावेश गरिएको छ । दोस्रो परिच्छेदमा गण्डकी प्रदेशको शासकीय प्रणालीको आधार, परिच्छेद ३ मा शासकीय प्रणालीका पूर्वाधारहरु र परिच्छेद ४ मा सार्वजनिक सेवा प्रवाहका तथ्यांकहरु विश्लेषण गरिएको छ । अन्तिम परिच्छेदको रुपमा परिच्छेद ५ मा नागरिकहरुवाट प्राप्त भविष्य प्रतिको धारणालाई प्रस्तुत गरिएको छ ।

परिच्छेद

२

शासकीय व्यवस्थाको आधारशिला

यस परिच्छेदमा शासकीय व्यवस्थाको आधारशिलाको विश्लेषण गरिएको छ । जस अन्तर्गत सार्वजनिक क्रियाकलाप र स्थानीय विकास योजनामा सहभागिता, सार्वजनिक तथा राजनीतिक संस्थाहरूको इमानदारीता, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक तथा सरकारी सेवामा घुस, जवाफदेहिताको संयन्त्र, सेवामा पहुँच, सार्वजनिक स्थलमा हुने विभेदको अनुभव, सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार र सुरक्षाको अनुभव जस्ता अध्ययन क्षेत्र रहेका छन् ।

२.१ सार्वजनिक क्रियाकलापमा सहभागिता

नागरिक आवाज र सहभागितालाई बुझ्नको लागि नागरिकको सार्वजनिक क्रियाकलाप तथा स्थानीय विकास योजनामा के-कस्तो आवाज र सहभागिता रहेको छ भन्ने विषयमा सीमित राखिएको थियो । सार्वजनिक क्रियाकलापमा सामाजिक संजाल अभियानहरू, विद्यालयमा हुने अभिभावक–शिक्षक, स्वयंसेवा/समाजसेवा, उपभोक्ता समूहमा बैठक, वडा/गाउँको भेला, सांस्कृतिक/जातीय/धार्मिक र्‍याली, धर्ना/घेराउ जस्ता विरोध कार्यक्रम, राजनीतिक दलको अभियान/र्‍याली आमसभा र स्थानीय तहको योजना/बजेट बैठक जस्ता गतिविधिहरू समावेश गरिएको थियो ।

चित्र २.१: सार्वजनिक क्रियाकलापमा सहभागिता (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

प्रस्तुत चित्र २.१ मा सार्वजनिक क्रियाकलापको सहभागिताको बारेमा देखाइएको छ । वडा र गाउँको भेला, उपभोक्ता समूहका बैठक, स्वयंसेवा र समाजसेवा (टोलसुधार, वृक्षरोपण, सर-सफाई, खोप आदि), विद्यालयमा हुने अभिभावक शिक्षक बैठक जस्ता क्रियाकलापहरूमा सहभागी हुने नागरिक ५५ प्रतिशतभन्दा धेरै रहेको पाइएको थियो ।

धर्ना, घेराउ जस्ता विरोध कार्यक्रममा कहिल्यै सहभागी हुन्न भन्ने नागरिक ९१ प्रतिशत रहेका थिए । त्यसैगरी राजनीतिक दलको अभियान/र्‍याली/आमसभा र स्थानीय तहको योजना/बजेट बैठक जस्ता क्रियाकलापहरूमा ६४ प्रतिशतभन्दा धेरै नागरिकले आफू कहिल्यै सहभागी नभएको बताएका थिए ।

२.२ स्थानीय विकास योजनामा सहभागिता

समय समयमा राज्य र नागरिक समाजबाट नागरिकहरूलाई स्थानीय विकास योजनामा सहभागी र छलफल गराउन विभिन्न प्रयासहरू गर्दै आइरहेको हुन्छ। सर्वेक्षणमा स्थानीय विकास योजनामा नागरिकको सहभागिता बारे बुझ्न प्रश्न सोधिएको थियो । स्थानीय विकास योजनामा सहभागी भई छलफल गर्ने नागरिक ३८ प्रतिशत रहेछन् भने ६० प्रतिशत नागरिकले सहभागी नभएको बताएका थिए (चित्र २.२) ।

चित्र २.२: स्थानीय विकास योजनामा सहभागिता (संख्या = १६३८,% मा)



स्थानीय विकास योजनामा हुने सहभागिता विभिन्न पालिका, लिङ्ग, उमेर, शैक्षिकस्तर, जातीयता, पेशा र आर्थिक अवस्था अनुसार फरक देखिएको छ । स्थानीय विकास योजनामा नगरपालिकाबाट ४१ प्रतिशत भने गाउँपालिकाबाट ३५ प्रतिशत नागरिकको सहभागिता पाइयो। त्यसैगरी महिलाहरूको सहभागिता २८ प्रतिशत भने पुरुषहरूको सहभागिता ५१ प्रतिशत रहेको थियो। यस तथ्याङ्कले स्थानीय विकास योजनामा महिलाभन्दा बढी पुरुष सहभागी हुने र छलफल गर्ने गरेको देखाएको छ। उमेर अनुसार हेर्दा २५ देखि ५९ वर्षका नागरिकको सहभागिता उल्लेखनीय (४१%) रहेको पाइएको थियो। त्यसैगरी शिक्षा र सहभागिताको

सकारात्मक सम्बन्ध देखिएको छ, जसमा सबभन्दा बढी (५९%) उच्च शिक्षा हासिल गरेका थिए भने सबभन्दा कम (७%) निरक्षर रहेका थिए। जातीयता अनुसार सबभन्दा बढी (४६%) पहाडी ब्राह्मण, संन्यासी र सबभन्दा कम (३३%) पहाडी जनजाति स्थानीय विकास योजनामा सहभागी भएका थिए। पेशा अनुसार सबभन्दा बढी (५६%) सेवा क्षेत्रबाट सहभागिता देखिन्छ भने सबभन्दा कम (२५%) वेरोजगार नागरिकको सहभागिता देखिएको छ। नागरिकको आर्थिकस्तर बृद्धिसँग उनीहरूको सहभागिता पनि बढेको देखिन्छ जसअन्तर्गत स्थानीय विकास योजनामा सहभागी हुनेमा गरीब ३२ प्रतिशत भने धनी ४२ प्रतिशत नागरिक रहेका थिए (अनुसूची १: तालिका २.१)।

२.३ सार्वजनिक तथा राजनीतिक संस्थाहरूको इमानदारिता

राज्यका राजनीतिक र सार्वजनिक संस्थाहरूको आफ्नो काम/कर्तव्य र नागरिकप्रतिको इमानदारीता तथा जवाफदेहिताले शासन प्रणालीको गुणस्तरीयतालाई दर्शाउने गर्दछ। यस कुरालाई बुझ्नको लागि सर्वेक्षणमा सार्वजनिक संस्थाप्रतिको विश्वास र भ्रष्टाचार नियन्त्रण गर्न सरकारको प्रयास के कस्तो रहेछ भनि सोधिएको थियो। प्रस्तुत चित्र २.३ मा सार्वजनिक तथा राजनीतिक संस्थाहरूप्रतिको धारणालाई देखाइएको छ। अत्यन्त र केही मात्रामा इमानदार छन् भन्ने उत्तरलाई एकमुष्ट गरेर हेर्दा उपभोक्ता समूहलाई ८५ प्रतिशत, स्थानीय सरकारलाई ८४ प्रतिशत नागरिकले इमानदार रहेको धारणा व्यक्त गरेको पाइएको थियो। त्यसैगरी, नेपाली सेना र मिडियालाई ८० प्रतिशतभन्दा धेरै नागरिकले इमानदारको रुपमा लिएको पाइएको थियो। अर्कोतर्फ, कम इमानदार रहेको भन्नेमा व्यापारीलाई ६२ प्रतिशत, मन्त्रीलाई ५१ प्रतिशत, राजनीतिक दलहरूलाई ५० प्रतिशत र सांसदलाई ४४ प्रतिशत नागरिकले मत व्यक्त गरेका थिए।

चित्र २.३: सार्वजनिक संस्थाप्रतिको विश्वास (संख्या = १६३८,% मा)



२.४ भ्रष्टाचार नियन्त्रण

नेपाल सरकारले भ्रष्टाचार नियन्त्रण गर्न प्रयत्न गरे तापनि त्यस्ता धेरै उदाहरणहरू हुन सक्छन् जसमा नागरिकले सार्वजनिक सेवा लिन जाँदा घुस दिन बाध्य भएका होलान् । यस सन्दर्भमा सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ, सक्दैन वा नियन्त्रण गर्न चाहँदैन भनि प्रश्न सोधिएको थियो । यस प्रश्नको उत्तरमा पालिका, लिङ्ग, उमेर समूह, शिक्षा, जातीयता, पेशा र आर्थिक अवस्था अनुसार धेरै भिन्नता आएको देखिँदैन (अनुसूची १: तालिका २.२) ।

चित्र २.४ मा सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्ने/नसक्ने/नचाहने भन्नेमा समग्र नागरिकको धारणा प्रस्तुत गरिएको छ । आधाभन्दा बढी (६१%) नागरिकले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहेमा नियन्त्रण गर्न सक्छ भनि बताएका थिए । सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने नागरिक २० प्रतिशत रहेका थिए । त्यसैगरी १३ प्रतिशत नागरिकले सरकारले भ्रष्टाचार नियन्त्रण गर्न नसक्ने बताएका थिए ।

चित्र २.४ भ्रष्टाचार नियन्त्रण (संख्या = १६३८,% मा)



२.५ सार्वजनिक तथा सरकारी सेवामा घुस

यस सर्वेक्षणमा विगत १२ महिनामा सरकारी वा सार्वजनिक सेवा लिन जाँदा परिवारको सदस्य वा आफूले घुस तिरेको वा घुस तिर्नको लागि अनुरोध गरिएको थियो भनि प्रश्न सोधिएको थियो । सार्वजनिक तथा सरकारी सेवा लिन जाँदा नागरिकले घुस दिए नदिएको अनुभवलाई चित्र २.५ मा देखाइएको छ । आफूले वा परिवारको सदस्यले सार्वजनिक वा सरकारी सेवा लिन जाँदा घुस तिरेको छैन भन्नेमा ६५ प्रतिशत नागरिक रहेका थिए भने ३० प्रतिशत नागरिकले सार्वजनिक सेवा नै लिएको छैन भनेका थिए । सेवा प्राप्त गर्दा घुस तिरेको भन्नेमा जम्मा ४ प्रतिशत नागरिकले धारणा व्यक्त गरेका थिए ।

चित्र २.५ सार्वजनिक तथा सरकारी सेवामा घुस (संख्या = १६३८,% मा)



सेवा प्राप्त गर्दा घुस तिरेको भन्ने धारणालाई केलाएर हेर्दा, गाउँमा बस्नेभन्दा २ प्रतिशत बढी नगरपालिकामा बस्ने नागरिकले सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिरेको पाइएको थियो । त्यसैगरी, महिलाको भन्दा २ प्रतिशत बढी पुरुषहरूले सार्वजनिक सेवा प्राप्त गर्दा घुस तिरेको थिए । उमेर समूह अनुसार हेर्दा, घुस तिरको भन्नेमा सबभन्दा धेरै (५%) १८-२४ वर्ष उमेरका नागरिक रहेका थिए । शिक्षाको स्तरसँग सार्वजनिक सेवा लिन जाँदा घुस तिर्नुको सम्बन्ध रहेको देखिन्छ । सार्वजनिक सेवा लिन जाँदा सबभन्दा बढी (१५%) उच्च शिक्षा हासिल गरेकाले घुस तिरेका थिए भने सबभन्दा कम (२%) निरक्षरले घुस तिरेको पाइएको थियो । जातजाति अनुसार सबभन्दा धेरै तराई जनजाति (७%), नेवार (५%), पहाडी ब्राह्मण संन्यासी (५%) नागरिकले सार्वजनिक सेवा बापत घुस तिरेका थिए । त्यसैगरी पेशा अनुसार सबभन्दा बढी (७%) व्यापारमा संलग्नले घुस तिरेका थिए भने सबभन्दा कम (३%) कृषिमा संलग्न नागरिकले घुस तिरेका थिए । आर्थिक अवस्था अनुसार सबभन्दा बढी (९%) धनी र सबभन्दा कम (२%) गरीव नागरिकले सार्वजनिक सेवा बापत घुस तिर्ने गरेको पाइएको थियो (अनुसूची १: तालिका २.३) ।

२.६ जवाफदेहिताको संयन्त्र

सुशासनलाई प्रत्याभूत गर्ने एक महत्वपूर्ण पक्षको रुपमा जवाफदेहिता रहेको हुन्छ । जवाफदेहिता सुनिश्चित गर्नको लागि नेपाल सरकारले विभिन्न संयन्त्रको विकास गरेको छ । यस सर्वेक्षणमा विकास योजना (जस्तै-सडक निर्माण, स्कूल, स्वास्थ्य चौकी आदि) मा सार्वजनिक व्यक्तित्वहरूलाई जवाफदेही बनाउने हेतुले सरकारले अपनाएका विभिन्न ५ वटा संयन्त्रहरूको बारेमा कत्तिको जानकार छन् भनि प्रश्न सोधिएको थियो ।

परियोजना सम्बन्धी जानकारीमूलक बोर्डहरू राखेको भन्नेमा ५४ प्रतिशत नागरिकहरु जानकार भए तापनि यस कार्यको लागि उनीहरुको सहभागिता शून्य रहेको पाइएको थियो । सबभन्दा बढी (४३%) सहभागिता उपभोक्ता समिति र विद्यालयमा हुने सामाजिक परीक्षणमा देखिएको छ । सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणमा क्रमशः ३२ प्रतिशत र २८ प्रतिशत नागरिकले सुनेको वा देखेको भनेका थिए ।

चित्र २.६ जवाफदेहिताको संयन्त्र (संख्या = १६३८,% मा)



नोट : चित्रमा थाहा छैन/भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

२.७ सेवामा पँहुच

प्रस्तुत चित्र २.७ मा सेवामा नागरिकको पहुँचको अवस्थालाई देखाइएको छ । निःशुल्क विद्यालय शिक्षा, सामाजिक सुरक्षा, निःशुल्क (आधारभूत) स्वास्थ्य सेवा, आधारभूत सेवाहरू (खानेपानी, विद्युत आदी) मा सबैको समान पहुँच रहेको कुरामा ८० प्रतिशतभन्दा धेरै नागरिक सहमत रहेको पाइएको थियो । बाढी, पहिरो, भूकम्प जस्ता अन्य विपद्पछि सरकारले प्रदान गर्ने सुरक्षा तथा सहयोगमा नागरिकको समान पहुँच हुन्छ भन्ने कुरामा नागरिकको धारणा विभाजित पाइएको थियो । जसमा ४१ प्रतिशत नागरिकले सेवामा समान पहुँच रहने कुरामा सहमति राखेका थिए भने ५४ प्रतिशत नागरिकको असहमति रहेको थियो ।

चित्र २.७ सेवामा नागरिकको पहुँच (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

२.८ सार्वजनिक स्थलमा हुने विभेद

यस सर्वेक्षणमा विगत ५ वर्षमा समाजमा विद्यमान विभेदहरू (सरकारी कार्यलयमा, सार्वजनिक स्थलमा, प्रहरी कार्यालयमा, छरछिमेकमा, दलितमाथि समाजमा, महिला/केटाकेटीमाथि समाजमा, महिला/केटाकेटीमाथि परिवारमा र शारीरिक अपांगता भएका व्यक्तिमा हुने) कत्तिको व्याप्त छ भन्ने बारेमा प्रश्न सोधिएको थियो । चित्र २.८ ले सार्वजनिक स्थलमा हुने विभेद बारे धारणा प्रस्तुत गरेको छ । विभेद त्यति धेरै छैन र बिल्कुलै छैन भन्ने मतलाई एकमुष्ट हेर्दा सबभन्दा बढी (९१%) महिला/केटाकेटीमाथि परिवारमा नागरिकले विभेदको अवस्था नभएको भनि मत राखेका थिए । त्यसैगरी, शारीरिक अपांगता भएका व्यक्तिमा ८२ प्रतिशत, महिला/केटाकेटीमाथि समाजमा ७६ प्रतिशत, छरछिमेकमा ७३ प्रतिशत, सार्वजनिक स्थलमा ७२ प्रतिशत, दलितमाथि समाजमा ६५ प्रतिशत नागरिकले विभेदको अवस्था नभएको भनि मत व्यक्त गरेका थिए ।

यस आँकडामा समाजमा विभेद धेरै नभएको देखिए तापनि ती आठवटै प्रकारमा तुलनात्मक रुपमा सबभन्दा बढी (३६%) विभेद नागरिकमाथि सरकारी कार्यालयमा भने दोस्रो ठूलो (३३%) विभेद दलितहरूमाथि समाजमा हुने रहेको पाइएको थियो । त्यसैगरी नागरिकमाथि प्रहरी कार्यालयमा २८ प्रतिशत र छरछिमेकमा २६ प्रतिशत नागरिकले विभेद हुने भनेका थिए ।

चित्र २.८: सार्वजनिक स्थलमा हुने विभेद (संख्या = १६३८,% मा)



नोट: चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

२.९ विभेदको अनुभव

नागरिकलाई विगत १२ महिनामा आफू वा परिवारको सदस्यले कुनै किसिमको विभेद (जातीय, भाषिक, लैङ्गिक, भूगोल/वासस्थान, आर्थिक, राजनीतिक आबद्धता, शारीरिक अपांगता, क्षेत्रीय) सामना गरे वा नगरेको बारेमा प्रश्न सोधिएको थियो । चित्र २.९ मा देखाए अनुसार आफू वा आफ्ना परिवारका सदस्यले विभेदको अनुभव कहिल्यै पनि गरेको छैन भन्नेमा अधिकांश नागरिकले आफ्नो धारणा व्यक्त गरेका थिए जुन सकारात्मक पक्ष हो । यद्यपि आर्थिक अवस्था (१८%) तथा राजनीतिक आबद्धताका आधारमा (१५%) नागरिकले विभेद अनुभव गरेको पाइएको थियो ।

चित्र २.९ : विभेदको अनुभव (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

२.१० सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार

शासकीय व्यवस्थाको एउटा महत्वपूर्ण आधारको रुपमा विधिको शासन रहेको हुन्छ । विधिको शाासन कायम गर्नमा सरकारी कर्मचारी, नेपाल प्रहरी, अदालत, जनप्रतिनिधि, राजनीतिज्ञ र नागरिक सबैको जिम्मेवारी हुने भएकाले यस सर्वेक्षणमा सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको परिवर्तनलाई बुझ्ने प्रयास गरिएको थियो । विगत ५ वर्षमा सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधारलाई चित्र २.१० मा प्रस्तुत गरिएको छ । सबभन्दा बढी (९०%) नागरिकले एकअर्कासँग गर्ने व्यहारमा सुधार आएको बताएका थिए । त्यसैगरी स्थानीय प्रतिनिधिले नागरिकप्रति गर्ने व्यवहारमा ८६ प्रतिशत, सरकारी कर्मचारीले नागरिकप्रति गर्ने व्यवहारमा ८३ प्रतिशत, प्रहरीले नागरिकप्रति गर्ने व्यवहारमा ७७ प्रतिशत, राजनीतिज्ञले नागरिकप्रति गर्ने व्यवहारमा ७३ प्रतिशत र अदालतले नागरिकप्रति गर्ने व्यवहारमा ६५ प्रतिशतले सुधार भएको बताएका थिए ।

चित्र २.१०: सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार (संख्या = १६३८,% मा)



नोटः चित्रमा अझ बिग्रको छ, थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

२.११ सुरक्षाको अनुभव

चित्र २.११ मा बितेका १२ महिनामा आफूले वा परिवारको सदस्यले अनुभव गरेको सुरक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ । सबभन्दा बढी (९७%) नागरिकले शारीरिक रुपमा दुर्व्यवहारको अनुभव कहिले पनि नगरेको बताएका थिए । त्यसैगरी ९३ प्रतिशत नागरिकले उजुरी गरेको अवस्थामा न्यायिक उपचार पाएको बताएका थिए । मौखिक (शाब्दिक र सांकेतिक) दुर्व्यवहार भएको महसूस कहिल्यै पनि नगरेको भन्नेमा ९२ प्रतिशत नागरिक रहेका थिए । यसरी हेर्दा, असुरक्षित अनुभव गरेकोभन्दा सुरक्षित अनुभव गरेको नागरिकको प्रतिशत बढी रहेको पाइएको थियो ।

चित्र २.११: सुरक्षाको अनुभव (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

परिच्छेद

३

शासकीय व्यवस्थाका पूर्वाधारहरू

यस परिच्छेदमा शासकीय व्यवस्थाका पूर्वाधारहरूको विश्लेषण गरिएको छ । जस अन्तर्गत निर्वाचन, संविधान र संवैधानिक प्रावधानहरू, संवैधानिक स्वतन्त्रताको अनुभूति, प्रादेशिक तथा स्थानीय सरकार, राजनीतिक संस्थाहरू, सामाजिक आबद्धता तथा नागरिक चेतना, सूचना तथा सञ्चार र सामाजिक सुरक्षा जस्ता अध्ययन क्षेत्र रहेका छन् ।

३.१ मतदानमा सहभागिता

शासकीय व्यवस्थाको एक महत्वपूर्ण पूर्वाधारको रुपमा निर्वाचन रहेको हुन्छ । जति धेरै नागरिकको सहभागिता मतदानमा हुन्छ र जति विश्वसनीय र गुणस्तरीय निर्वाचन प्रणाली हुन्छ, त्यति नै बलियो शासकीय व्यवस्थाको पूर्वाधार मान्न सकिन्छ । वि. सं. २०७४ सालमा सम्पन्न भएको तीन तहको निर्वाचनमा गण्डकी प्रदेशका उत्तरदातामध्ये ९२ प्रतिशतले मतदान गरेका थिए ।

चित्र ३.१: मतदानमा सहभागिता (संख्या = १६३८,% मा)



नगरपालिका र गाउँपालिका दुवैमा ९१ प्रतिशतभन्दा बढी नागरिकले मतदान गरेको पाइएको थियो । महिलाहरूको भन्दा ३.२ प्रतिशत कम पुरुष नागरिकले मतदान गरेका थिए । उमेर समूहमा हेर्दा सबभन्दा बढी ६० बर्ष भन्दामाथिको नागरिकहरु (९६%)ले मतदान गरेका थिए भने सबभन्दा कम १८-२४ वर्ष भएका (८२%)ले मतदान गरेका थिए । यसरी हेर्दा पाका उमेरका नागरिकले अझ बढी मतदान गर्ने गरेको

देखिएको छ । निरक्षर र पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएका ९६ प्रतिशत नागरिकले मतदान गरेको पाइएको थियो भने सबभन्दा कम माध्यमिक शिक्षा प्राप्त गरेका ८६ प्रतिशत नागरिकले मतदान गरेका थिए । पेशा अनुसार कृषि, व्यापार, घरायसी काम गर्नेमा ९० प्रतिशतभन्दा बढी नागरिकले मतदान गरेको पाइएको थियो । आर्थिक अवस्था अनुसार सबैभन्दा बढी (९७%) धनी नागरिकले मतदान गरे भने सबैभन्दा कम (९१%) मध्यमस्तर नागरिकले मतदान गरेका थिए । (अनुसूची १: तालिका ३.१) ।

३.२ चुनावको गुणस्तरीयता

चुनाव प्रणाली गुणस्तर भएर नागरिकको विश्वास जित्न सकेमा त्यसलाई शासकीय व्यवस्थाको भरपर्दो पूर्वाधारको रुपमा लिन सकिन्छ । निर्वाचन क्षेत्रको वरिपरि विभिन्न घटनाहरू घटेका हुन सक्दछन् । जस्तै, एकपटक भन्दा बढी मतदान गरेको, मतदाता सूचीमा नाम नभएकाले मतदान केन्द्रबाट मतदान नगरी फर्केको, मतदान गर्न कसैलाई दवाव दिएको, दलका उम्मेदवार/कार्यकर्ताहरू आपसमा झगडा गरेको, बुथ कब्जा गरेको, जानाजानी मतपत्र बिगारेको र राजनीतिक दल वा उम्मेदवारबाट पैसा, खाद्यान्न, रक्सी अन्य उपहार बाँडेको घटनाहरुले चुनावको गणस्तरलाई देखाउने गर्दछ । चित्र ३.२ मा देखाए अनुसार अधिकांश नागरिकले माथि उल्लेख गरिएका कुनै पनि घटना नघटेको भन्ने धारणा राखेका थिए ।

चित्र ३.२ : निर्वाचन क्षेत्रको वरिपरि घटनाहरू भए/नभएको (संख्या = १५०९,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न चाहन्न भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

घटनाहरू भएका र आफूले देखेको भन्ने उत्तरहरूलाई केलाएर हेर्दा १२ प्रतिशत नागरिकले मतदाता सूचीमा नाम नभएको हुनाले मतदान केन्द्रबाट मतदान नगरी फर्केको घटना आफैंले देखेको भनेका थिए । त्यस्तै राजनीतिक दल वा उम्मेदवारबाट पैसा, खाद्यान्न, रक्सी अन्य उपहार बाँडेको भन्नेमा ९ प्रतिशत नागरिको धारणा रहेको देखिएको छ ।

चुनावमा मतदातालाई मतपत्र बुझ्न सजिलो, मतदान गर्ने सुविधाहरू सहज, मत गणना निष्पक्ष, सञ्चार माध्यमले सबै उम्मेदवारका बारेमा निष्पक्ष सूचना दिएको, चाहेको उम्मेदवार छान्नमा अवरोध नभएको तथा सरकार/राजनीतिक दलहरूले मतदाता शिक्षा उपलब्ध गराएका जस्ता विविध कारणहरूले पनि चुनावको गुणस्तरीयतालाई झल्काउने गर्दछ। चित्र ३.३ ले चुनावको गुणस्तरीयताको सो पक्षलाई समेटेको छ । पूर्ण र केही सहमत भएका उत्तरलाई एकमुष्ट गर्दा ७९ प्रतिशतभन्दा बढी नागरिकले चुनावको गुणस्तरीयता रहेको भन्ने धारणा व्यक्त गरेका थिए ।

चित्र ३.३ : चुनावको गुणस्तरीयता (संख्या = १५०९,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न चाहन्न भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

केही र पूर्ण असहमतका उत्तरहरूलाई एकमुष्ट हेर्दा सबभन्दा बढी (१७%) नागरिक सरकार/राजनीतिक दलहरूले मतदाता शिक्षा उपलब्ध गराएको भन्नेमा असहमत रहेको पाइएको थियो। त्यसैगरी मतदातालाई मतपत्र बुझ्न सजिलो थियो भन्नेमा १० प्रतिशत र सञ्चार माध्यमले सबै उम्मेदवारका बारेमा निष्पक्ष सूचना दिएको भनि ८ प्रतिशत नागरिकको असहमति रहेको थियो ।

३.३ संविधानको बारेमा जानकारी

नेपालमा वि.सं. २०७२ सालमा नयाँ संविधान जारी भएको थियो जसको बारेमा नागरिकले सुनेका छन् कि छैनन् भनि प्रश्न गरिएको थियो । संविधानको बारेमा ७९ प्रतिशत नागरिकले मात्र सुनेको बताएका थिए भने २१ प्रतिशतले संविधान बारे आफूलाई जानकारी नभएको बताएका थिए। पालिका अनुसार हेर्दा ८२ प्रतिशत नगरपालिकामा बस्ने र ७५ प्रतिशत गाउँपालिकामा बस्ने नागरिकले संविधानको बारेमा सुनेको थिए। महिला (७१%) भन्दा बढी पुरुष (८९%) ले संविधानको बारेमा सुनेका पाइएको थियो। उमेर समूहमा हेर्दा सबभन्दा बढी १८-२४ बर्षको नागरिकहरु (९१%) ले संविधानको बारेमा सुनेका थिए भने

सबभन्दा कम ६० वर्ष भन्दामाथिको नागरिक (५९%) ले संविधानको बारेमा सुनेका थिए । यस तथ्याङ्कले जति उमेर बढ्दो छ संविधानको बारेमा जानकारी त्यतिनै घट्दै गईरहको देखिएको छ । शिक्षाकोस्तर बढ्दै जाँदा संविधानको बारेमा सुनेको नागरिकको प्रतिशत बढ्दै गएको देखिन्छ । उच्च शिक्षा प्राप्त गरेका शत प्रतिशत नागरिकले सुनेको पाइएको थियो भने सबभन्दा कम (४६%) निरक्षरको संविधानको बारेमा सुनेका थिए । त्यसैगरी जात/जाति अनुसार सबभन्दा बढी (९१%) पहाडे ब्राह्मण संन्यासी नागरिकले सुनेका थिए भने सबभन्दा कम (५७%) तराई जनजातिले सुनेका थिए । पेशा अनुसार सबैभन्दा बढी (९७%) सेवा क्षेत्रमा संलग्न भने सबभन्दा कम (७०%) वेरोजगार नागरिकले संविधानको बारेमा सुनेका थिए । आर्थिक अवस्था बढ्दै जाँदा संविधानको ज्ञान बढ्दै गएको देखिएको छ । तथ्याङ्क अनुसार संविधानको ज्ञान सबभन्दा बढी (९७%) धनीहरूलाई भएको देखिएको छ भने सबैभन्दा कम (७०%) गरीवहरूलाई भएको पाइएको थियो (अनुसूची १: तालिका ३.२) ।

३.४ राज्य शक्तिको बाँडफाँड

सविंधानमा भएका प्रावधानहरूको बारेमा भएको जानकारीलाई चित्र ३.४ मा देखाइएको छ । सबै जातजातिका व्यक्तिहरूलाई राज्यमा समान अधिकार छ भन्ने कुरामा ४५ प्रतिशत, राजनीतिक दल तथा निर्वाचनमा समावेशीकरण गरिएकोमा ३८ प्रतिशत र नागरिकहरू आफ्नो क्षेत्रको विकास निर्माणको निर्णयहरूमा संलग्न हुन सक्छन् भन्नेमा ३३ प्रतिशत नागरिकहरूले पूर्णरुपमा जानकार रहेको बताएका छन् । यसरी हेर्दा संविधानमा भएका प्रावधानहरूको बारेमा पूर्ण रुपमाभन्दा पनि केही हदसम्म मात्र जानकारी छु भन्ने नागरिक बढी रहेको देखिएको छ ।

चित्र ३.४ : संवैधानिक प्रावधानका बारेमा जानकारी (संख्या = १२५८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

संविधानमा भएका प्रावधानहरूको बारेमा जानकार छैन भन्ने उत्तरलाई सूक्ष्म विश्लेषण गर्दा सबभन्दा बढी (२२ प्रतिशत) नागरिकले स्थानीय सरकारलाई आफ्नो शासन चलाउने, कानून बनाउने र न्याय दिने जिम्मेवारी र अधिकारको प्रावधान बारे जानकारी नभएको बताएका थिए । त्यसैगरी, सरकारका काम संघ, प्रदेश र स्थानीयमा बाँडिएको (२०%), सरकारी क्षेत्रमा विभिन्न सामाजिक र जातीय समूहमा मानिसहरूको समावेशीकरण र प्रतिनिधित्व गरिएको (१९%) र नागरिकहरूले आफ्नो क्षेत्रको विकास निर्माणका निर्णयहरूमा संलग्न हुन सक्ने (१६%) जस्ता संवैधानिक प्रावधानहरुको बारेमा नागरिकले जानकारी नभएको बताएका थिए ।

३.५ विकासको प्राथमिकता

शासकीय व्यवस्थाको अर्को महत्वपूर्ण पूर्वाधारको रुपमा प्रादेशिक तथा स्थानीय सरकार रहेका हुन्छन् । कुनै पनि सरकारको विकासको प्राथमिकतामा गरीबी निवारण, सडक निर्माण, रोजगारीको सृजना, सामाजिक सुरक्षा, भ्रष्टाचार नियन्त्रण, शिक्षामा सुधार, स्वास्थ्यमा सुधार, वातावरण संरक्षण, जलविद्युतको विकास, खानेपानीको वितरण र समावेशी प्रतिनिधित्व जस्ता विषयहरु परेका हुन सक्दछन् । यस सर्वेक्षणमा नवनिर्वाचित प्रादेशिक तथा स्थानीय सरकारको आँउदो पाँच वर्षको लागि विकासको प्राथमिकतामा के हुनु पर्दछ भनि नागरिकलाई सोधिएको थियो ।

चित्र ३.५ मा प्रादेशिक तथा स्थानीय सरकारको विकासमा हुनु पर्ने प्राथमिकता बारे नागरिकको धारणालाई देखाइएको छ । सडक निर्माण कार्यलाई पहिलो प्राथमिकता भने स्वास्थ्य सेवाको सुधारलाई दोस्रो प्राथमिकतामा हुनु पर्दछ भनेका थिए । एकदमै थोरै प्रतिशत (५% भन्दा कम) नागरिकले वातावरण संरक्षण, समाजिक सुरक्षा, भ्रष्टाचार नियन्त्रण र गरीबी निवारण जस्ता विषयहरूलाई प्रादेशिक तथा स्थानीय सरकारको विकासको प्राथमिकतामा राखेका थिए ।

चित्र ३.५ प्रादेशिक तथा स्थानीय सरकारको विकासमा हुनु पर्ने प्राथमिकता (संख्या = १६३८,% मा)



३.६ स्थानीय सरकारको कार्यसम्पादन

स्थानीय सरकारले योजना तथा विकास निर्माण प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित, नागरिकको अधिकारको संरक्षण, सार्वजनिक सेवा सुधार एवम् सामाजिक समावेशीतालाई प्रवर्द्धन गर्नुपर्ने हुन्छ । यी कार्यहरू स्थानीय सरकारले सम्पादन गर्छन् भनि कत्तिको विश्वस्त हुनुहुन्छ भनि नागरिकलाई प्रश्न सोधिएको थियो ।

चित्र ३.६ ले स्थानीय सरकारको कार्यसम्पादन अवस्थालाई देखाएको छ । लगभग १७ प्रतिशत नागरिकले स्थानीय सरकारले योजना निर्माण तथा विकास निर्माण प्रक्रियामा नागरिकको सहभागिता सुनिश्चित गर्छन्, सामाजिक समावेशीलाई प्रवर्द्धन गर्छन्, नागरिकको अधिकार संरक्षण गर्छन् र सार्वजनिक सेवा सुधार गर्छन् भन्नेमा पूर्ण विश्वस्त भएको बताएका थिए । अधिकांश नागरिकहरु स्थानीय सरकारको कार्यसम्पादनमा केही मात्रामा विश्वस्त भएको पाइएको थियो ।

चित्र ३.६ : स्थानीय सरकारको कार्यसम्पादन (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न चाहन्न भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

३.७ स्थानीय शासन प्रणालीमा सुधार

प्रस्तुत चित्र ३.७ ले स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधारको अवस्थालाई देखाएको छ । स्थानीय तहको निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा केही सुधार गर्नेछन् भन्नेमा ८३ प्रतिशत नागरिकले बताएका थिए भने उल्लेख्य सुधार गर्नेछन् भन्नेमा ८ प्रतिशत नागरिक रहेका थिए । यस तथ्याङ्कले नागरिक समग्र रुपमा नवनिर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्ने कुरामा आशावादी रहेको पाइन्छ ।

चित्र ३.७ : स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार (संख्या = १६३८,% मा)



पालिका अनुसारको तथ्याङ्क हेर्दा ९ प्रतिशत नगरपालिकाको र ७ प्रतिशत गाउँपालिकाको नागरिकले उल्लेखनीय सुधार गर्नेछ भनि बताएका थिए । महिला र पुरुष दुबै नागरिकको समान (८%) धारणा रहेको थियो । त्यसैगरी सबै उमेर समूहका करिब ८ प्रतिशत नागरिकले उल्लेखनीय सुधार हुने बताएका थिए । निरक्षरले भन्दा साक्षर तथा पढेलेखेका नागरिकले उल्लेखनीय सुधार हुन्छ भनि बताएका थिए । कृषि पेशामा संलग्न नागरिकले अन्य पेशाहरूमा संलग्न भन्दा बढी उल्लेखनीय सुधार हुने बताएका थिए । उल्लेखनीय रुपमा सुधार हुने कुरामा धनी र मध्यमस्तरका भन्दा गरीवस्तर भएका बढी आशावादी भएको पाइएको थियो (अनुसूची १: तालिका ३.३) ।

३.८ राजनीतिक दलका क्रियाकलापबारे जानकारी

चित्र ३.८ मा राजनीतिक दलका क्रियाकलापको बारेमा भएको जानकारीको अवस्था प्रस्तुत गरिएको छ । राजनीतिक दलका क्रियाकलापको बारेमा जानकारी नभएको (४१%) भन्दा जानकारी भएको (५८%) नागरिक बढी देखिएको छ । गाउँपालिकामा बस्नेभन्दा २.८ प्रतिशत बढी नगरपालिकामा बस्ने नागरिकलाई राजनीतिक दलका क्रियाकलापको बारेमा जानकारी भएको पाइएको थियो । महिलाकोभन्दा करिब २५ प्रतिशत बढी पुरुषहरूले जानकारी भएको बताएका थिए । उमेर समूह अनुसार सबभन्दा बढी १८-२४ उमेर समूहका ६४ प्रतिशत र सबभन्दा कम ६० वर्ष भन्दामाथिका ४८ प्रतिशत नागरिकले जानकारी भएको बताएका थिए । शैक्षिकस्तर बढ्दै जाँदा राजनीतिक दलको क्रियाकलापको जानकारी पनि बढ्दै गएको छ । सबभन्दा बढी (९५%) उच्च शिक्षा प्राप्त गरेका र सबभन्दा कम (३०%) निरक्षर नागरिकलाई राजनीतिक दलको क्रियाकलापको जानकारी रहेको थियो । त्यसैगरी सबभन्दा बढी (७०%) पहाडे ब्राह्मण संन्यासी भने सबभन्दा कम (२७%) तराई जनजाति नागरिकलाई राजनीतिक दलको क्रियाकलापको जानकारी रहेको थियो । पेशा अनुसार सबभन्दा बढी (८२%) सेवा क्षेत्रमा संलग्न र सबभन्दा कम (४६%) कृषि क्षेत्रमा काम

गर्ने नागरिकलाई जानकारी रहेको थियो । आर्थिक अवस्था र राजनीतिक दलको क्रियाकलापको ज्ञानबीच सकारात्मक सम्बन्ध देखिएको थियो जस अनुसार आर्थिकस्तर बढ्दै जाँदा राजनीतिक दलको क्रियाकलापको ज्ञान पनि बढ्दै गएको देखिएको थियो (अनुसूची १: तालिका ३.४) ।

चित्र ३.८: राजनीतिक दलका क्रियाकलाप बारेको जानकारी (संख्या = १६३८,% मा)



३.९ राजनीतिक दलप्रतिको विश्वास

सार्वजनिक सेवाको सुदृढीकरण गर्ने, तीन तहको सरकारको कार्यान्वयन गर्ने, देशमा समावेशी संस्कृतिको प्रवर्द्धन गर्ने, कानूनको पालना गर्ने, विकास प्रवाह तथा भ्रष्टाचार नियन्त्रण गर्ने जस्ता कार्यहरूमा राजनीतिक संस्थाहरूको भूमिका रहेको हुन्छ जसप्रति नागरिकहरू विश्वस्त हुनु पर्दछ । चित्र ३.९ ले नागरिकको राजनीतिक दलहरूप्रतिको विश्वासको अवस्थालाई देखाएको छ। समग्र रुपमा हेर्दा राजनीतिक दलहरूप्रति विश्वस्त नहुने भन्दा विश्वस्त हुने नागरिकको प्रतिशत धेरै देखिएको थियो ।

सबभन्दा बढी नागरिकले विकास निर्माण कार्यमा सुधार आउने कुरामा केही मात्रामा विश्वस्त रहेको (८१%) बताएका थिए । त्यसैगरी देशमा समावेशी संस्कृतिको प्रवर्द्धनमा ७७ प्रतिशत, सार्वजनिक सेवामा ७४ प्रतिशत, तीन तहको सरकारको संरचनाको कार्यान्वयनमा ७३ प्रतिशत नागरिकले सुधार आउने कुरामा केही मात्रामा विश्वस्त रहेको बताएका थिए । सुधार आउनेमा विश्वस्त नहुने भन्ने उत्तरहरूलाई हेर्दा सबभन्दा बढी भ्रष्टाचार नियन्त्रण (५३%) र कानूनको पालना (२९%) जस्ता मुद्दाहरू रहेको पाइयो ।

चित्र ३.९ : राजनीतिक दलहरूप्रतिको विश्वास (संख्या = ९४८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

३.१० राजनीतिक दलको उम्मेदवारको छनौट

यस सर्वेक्षणमा राजनीतिक दलले उम्मेदवारको छनौट कसरी गर्दछन् भनि सोधिएको थियो । चित्र ३.१० ले राजनीतिक दलको उम्मेदवार छनौटको बारेको धारणा प्रस्तुत गरेको छ । सबभन्दा बढी (५३%) नागरिकले उम्मेदवारको छनौट पहिला सम्पन्न गरेको कामको आधारमा र सबभन्दा कम (९%) पार्टीलाई चन्दा दिएको आधारमा हुने गरेका बताएका थिए । त्यसैगरी ठूला नेताको पारिवारिक नाता र सम्बन्धको आधारमा १३% प्रतिशत, पार्टीमा वरिष्ठताको अधारमा ११% प्रतिशत र स्थानीय समितिहरूको सुझावको आधारमा ९ प्रतिशत नागरिकले राजनीतिक दलको उम्मेदवारको छनौट हुने बताएका थिए ।

चित्र ३.१०: राजनीतिक दलको उम्मेदवारको छनौट (संख्या = ९४८,% मा)



नोटः चित्रमा अन्य आधारमा, थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

३.११ नागरिक चासोका विषयहरूमा सञ्चार

नेपालको संवैधानिक र कानूनी प्रावधान अनुरुप सार्वजनिक सरोकारका विषयमा नागरिकहरुलाई सूचना प्रदान गर्नु सरकारको दायित्व भएको हुनाले सूचना सम्प्रेषणलाई शासकीय व्यवस्थाको एक अहम् पूर्वाधार मानिएको हुन्छ । सरकारले नागरिक चासोका विषयहरूमा गर्ने सञ्चार सम्प्रेषणको बारेमा चित्र ३.११ मा देखाइएको छ । सरकारले विभिन्न माध्यम जस्तै-बैठक, विज्ञापन, रेडियो अभियानहरूबाट नागरिकका सरोकारका विषयहरूमा सूचना सम्प्रेषण नियमित रुपमा गर्दछ भन्नेमा २६ प्रतिशत भने कहिलेकाहीँ सूचना सम्प्रेषण गर्दछ भनि ५३ प्रतिशत नागरिकले बताएका थिए । विरलै सूचना सम्प्रेषण गर्दछ भन्नेमा मात्र १० प्रतिशत नागरिक रहेका थिए । यसरी हेर्दा नियमित र कहिलेकाहीँ सूचना सम्प्रेषण गर्छ भन्ने नै अधिकांश नागरिक देखिएको छ ।

चित्र ३.११: नागरिक चासोका विषयहरूमा सञ्चार (संख्या = १६३८,% मा)



पालिका अनुसार हेर्दा, नगरपालिकामा ३० प्रतिशत र गाउँपालिकामा २३ प्रतिशत नागरिकले सरकारले विभिन्न माध्यमबाट सूचना सम्प्रेषण नियमित रुपमा गर्दछ भनेका थिए । त्यसैगरी महिला (२६%) भन्दा पुरुष (२७%) ले नियमित रुपमा नागरिकका चासोको विषयमा सूचना सम्प्रेषण हुन्छ भनेको पाइयो । प्रायजसो ६० वर्षभन्दा कम उमेरका जनसङ्ख्या आर्थिक रुपमा सक्रिय रहने समूहमा पर्दछन् । यस सर्वेक्षणमा पनि तुलनात्मक रुपमा १८ वर्षदेखि ५९ वर्षसम्मका उमेर समूहले सरकार विभिन्न माध्यमबाट सूचना सम्प्रेषण नियमित रुपमा गर्दछ भन्ने कुरामा विश्वस्त देखिएका छन् । ६० वर्ष भन्दामाथिका समूहमा १७ प्रतिशत नागरिकले नियमित रुपमा सूचना सम्प्रेषण हुन्छ भनेका थिए । त्यसैगरी नियमित रुपमा सूचना सम्प्रेषण हुने भन्नेमा निरक्षर भन्दा शिक्षित समूह (अनौपचारिक र औपचारिक शिक्षा पाएका) नै बढी देखिएको थियो ।

जातीयता अनुसार हेर्दा नियमित रुपमा सरकारले विभिन्न माध्यमबाट सूचना सम्प्रेषण गर्दछ भन्ने कुरामा पहाडी जनजाति २१ प्रतिशत, दलित २२ प्रतिशत र तराई जनजाति २७ प्रतिशत नागरिक अरु जातिकाभन्दा तुलनात्मक रुपमा कम विश्वस्त देखिएका छन् । पेशाको हिसावले ज्यालादारी १८ प्रतिशत, घरायसी काम

१९ प्रतिशत र वेरोजगार २२ प्रतिशत नागरिकले नियमित रुपमा सूचना सम्प्रेषण भएको बताएका थिए। त्यसैगरी कृषिमा ३४ प्रतिशत, सेवामा ३१ प्रतिशत र व्यापारमा २८ प्रतिशत नागरिकले नियमित रुपमा सूचना सम्प्रेषण भएको भनेका थिए। नियमित रुपमा सूचना सम्प्रेषण भएको भन्नेमा आर्थिक रुपमा सबल वर्ग जस्तै धनी र मध्यमस्तरका नागरिक क्रमशः ३० प्रतिशत र २८ प्रतिशत भने निम्न आर्थिक अवस्था भएका २२ प्रतिशत नागरिक रहेका थिए (अनुसूची १: तालिका ३.५)।

३.१२ सरकारले दिएको सूचनाको स्पष्टता

सरकारले प्रवाह गरेका सूचना-सन्देशको उद्देश्य प्राप्तिका लागि नागरिकमा यसको स्पष्ट बुझाई हुनु जरुरी हुन्छ यद्यपि नागरिकले सूचना-सन्देशलाई केही मात्रामा अर्थ लगाउने वा पटक्कै नबुझेका हुन सक्दछन्। चित्र ३.१२ मा सरकारले दिएको सूचना नागरिकहरूले कत्तिको स्पष्ट बुझेका छन् भन्ने कुरा प्रस्तुत गरिएको छ।

चित्र ३.१२: सरकारले दिएको सूचनाको स्पष्टता (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन।

सरकारले प्रदान गरेका सूचना ३५ प्रतिशत नागरिकले स्पष्ट रुपमा बुझेको पाइएको थियो भने ५९ प्रतिशत नागरिकले केही मात्रामा मात्र बुझ्ने भनेका थिए। यस तथ्याङ्कले सामान्यतया नागरिकमा सरकारले प्रदान गरेका सूचनाहरूको केही बुझाई रहेको देखाउँछ।

सूचना बारे बुझाईमा गाउँपालिका ३२ प्रतिशत भने नगरपालिकामा ३८ प्रतिशत नागरिकको स्पष्टता रहेको देखिएको थियो। महिला (२७%) भन्दा बढी पुरुष (४५%) ले सूचनालाई स्पष्ट बुझेको पाइएको थियो। उमेर समूह अनुसार हेर्दा, १८-३९ बर्षका ४० प्रतिशतभन्दा बढी नागरिकले सरकारले प्रवाह गरेका सूचना-सन्देशलाई स्पष्ट बुझेको उल्लेख गरे भने ६० बर्षमाथिका २० प्रतिशत नागरिकले मात्र स्पष्ट बुझेको भनेका थिए। शिक्षाकोस्तर बढ्दै जाँदा स्पष्ट रुपमा बुझ्ने नागरिकको प्रतिशत पनि बढ्दै गएको देखिएको छ।

सबभन्दा बढी (७५%) उच्च शिक्षा प्राप्त गरेको र सबभन्दा कम (१३%) निरक्षर नागरिकले सरकारले सम्प्रेषण गरेको सूचना स्पष्ट रुपमा बुझ्ने बताएका थिए ।

जातीयता अनुसार सबभन्दा बढी पहाडी ब्राह्मण संन्यासी (५३%) र सबभन्दा कम दलित (२४%) र पहाडी जनजाति (२८%) नागरिकले सरकारले दिएको सूचना स्पष्ट रुपमा बुझ्ने बताएका थिए । पेशा अनुसार सबभन्दा बढी सेवा (६२%) र सबभन्दा कम घरायसी काम गर्ने (२०%) र ज्यालादारी पेशामा (२१%) रहेका नागरिकले सरकारले दिएको सूचना स्पष्ट रुपमा बुझ्ने बताएका थिए । आर्थिक अवस्था अनुसार सबभन्दा बढी (३९%) मध्यमस्तर र सबभन्दा कम गरीव नागरिकले सरकारले दिएको सूचना स्पष्ट रुपमा बुझ्ने बताएका थिए (अनुसूची १: तालिका ३.६) ।

३.१३ आधारभूत सामाजिक सुरक्षा

शासकीय व्यवस्थाको अर्को पूर्वाधारको रुपमा सामाजिक सुरक्षा रहेको हुन्छ । सरकारले नागरिकका लागि सामाजिक सुरक्षा सम्बन्धी विभिन्न प्रयासहरू जस्तै वृद्ध भत्ता, निःशुल्क औषधी र स्वास्थ्य सुविधा, निःशुल्क आधारभूत र माध्यमिक शिक्षा, विधवा/एकल महिला भत्ता, वेरोजगारी भत्ता, भौगोलिक र सीमान्तकृत समुदाय सदस्य भत्ता, अपाङ्ग भत्ता, दलित/सीमान्तकृत विद्यार्थीको लागि सामुदायिक विद्यालयमा छात्रवृत्ति, छात्राहरूका लागि सामुदायिक विद्यालयमा छात्रवृत्ति, स्वास्थ्य वीमा र महिलाहरूलाई जग्गा दर्ता शुल्कमा छुट गरेको हुन्छ । यस सर्वेक्षणमा सरकारले गरेका यी प्रयासहरू जानकारी भएको र/वा सुविधा लिएको थियो भनि सोधिएको थियो ।

चित्र ३.१३ : आधारभूत सामाजिक सुरक्षा (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

चित्र ३.१३ मा आधारभूत सामाजिक सुरक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ । आधारभूत सामाजिक सुरक्षा जस्तै निःशुल्क औषधी र स्वास्थ्य सुविधा ८० प्रतिशत, निःशुल्क आधारभूत र माध्यमिक शिक्षा ४९ प्रतिशत, वृद्ध भत्ता ३० प्रतिशत र छात्राहरूको लागि छात्रवृत्ति २८ प्रतिशत नागरिकले सुविधा लिएको भनेका थिए। सबभन्दा बढी सुनेको छु तर सुविधा नलिएको भन्नेमा स्वास्थ्य बीमामा ५२ प्रतिशत र महिलाहरूलाई जग्गा दर्ता शुल्कमा छुट बारे ४३ प्रतिशत नागरिक रहेका थिए । त्यसैगरी पट्टक्कै सुनेको छैन भन्नेमा वेरोजगारी भत्ता ४९ प्रतिशत, महिलाहरूलाई जग्गा दर्ता शुल्कमा छुट ३२ प्रतिशत, स्वास्थ्य वीमा २९ प्रतिशत र भौगोलिक र सीमान्तकृत समुदाय सदस्य भत्ता २७ प्रतिशत जस्ता सामाजिक सुरक्षा रहेका थिए।

३.१४ सुरक्षाको अवस्था

नागरिकको जीवनको सुरक्षा, निजी सम्पत्तिको सुरक्षा, पहिरो/बाढी र विपद्बाट संरक्षण, सरकारी कल्याण योजना/सामाजिक सुरक्षा, खाद्य सुरक्षा र उपभोक्ताको अधिकार जस्ता विषयहरूले नागरिकको सुरक्षाको समग्र अवस्थालाई चित्रण गर्दछ। विगत पाँच वर्षमा आधारभूत सुरक्षाको अवस्थामा सुधार आए नआएको भनि सोधिएको प्रश्नप्रतिको धारणालाई चित्र ३.१४ मा प्रस्तुत गरिएको छ।

सबभन्दा बढी(९३%) नागरिकले वृद्ध/अपाङ्ग/विधवा आदिका लागि सरकारी कल्याण योजना/सामाजिक सुरक्षामा सुधार आएको भनि बताएका थिए। त्यसैगरी आफ्नै जीवनको सुरक्षाको अनुभूति भएकोमा ८३ प्रतिशत, निजी सम्पत्तिको सुरक्षाको अनुभूति भएकोमा ७८ प्रतिशत र पहिरो/बाढी र विपद्बाट संरक्षणमा ७७ प्रतिशत नागरिकले सुधार आएको बताएका थिए । उपभोक्ताको अधिकारमा २१ प्रतिशत र खाद्य सुरक्षामा १९ प्रतिशत नागरिकले अवस्था उस्तै छ भनेका थिए।

चित्र ३.१४: सुरक्षाको अवस्था (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन।

३.१५ आपद्-विपद्को बेलामा सहयोग

सरकारी निकाय, सामाजिक संस्था, राजनीतिक संयन्त्र, छरछिमेक, ईष्टमित्र आदिले आपद्-विपद्को बेलामा सहयोग गर्ने गरेका हुन्छन् । चित्र ३.१५ मा आपद्-विपद्को बेलामा नागरिकले मद्दतको लागि कसलाई प्राथमिकतामा राख्ने गर्दछन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ । सबभन्दा बढी नागरिकले आपद्-विपद् परेको बेलामा टोल/छिमेक/साथीहरूलाई (८३%) पहिलो प्राथमिकतामा राखेका थिए भने दोस्रो प्राथमिकतामा सबभन्दा बढी (५०%) प्रहरीलाई राखेका थिए । मद्दतको लागि जानेमा सरकारी कर्मचारी र स्थानीय अगुवाहरूभन्दा स्थानीय निर्वाचित प्रतिनिधिलाई तुलनात्मक रुपमा बढी प्राथमिकतामा राखेको देखिएको थियो ।

चित्र ३.१५: मद्दतको लागि जाने (संख्या = १६३८,% मा)



परिच्छेद

४

सार्वजनिक सेवा प्रवाह

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षणले सार्वजनिक सेवा प्रवाहलाई सुशासनको एक मुख्य आयामको रुपमा परिभाषित गरेको छ । यस परिच्छेदमा सार्वजनिक सेवाको प्रयोग, सेवा प्राप्त गर्न गरेको प्रयास, सेवा प्राप्त गरे बापत तिरेको रकम, सेवा प्रदायकको व्यवहार, सेवा प्राप्त गर्दाको अवरोध वा सहजता, सेवाको वातावरण र सेवा प्राप्तिको सन्तुष्टीका बारेमा विश्लेषण गरिएको छ ।

४.१ सार्वजनिक सेवाको प्रयोग

नागरिकलाई आफू वा आफ्ना परिवारको सदस्यले पछिल्लो पटक नागरिकता, राहदानी, भूमि सम्बन्धी वा खोप लगाउने जस्ता सेवा लिनको लागि सार्वजनिक कार्यालयमा कहिले गएका थिए भनि प्रश्न सोधिएको थियो । चित्र ४.१ ले आफू वा परिवारको सदस्य सार्वजनिक सेवा लिन गएको अवस्थालाई देखाएको छ । विगत छ महिनामा ३६ प्रतिशत, दुई बर्षभन्दा अगाडी ३३ प्रतिशत, विगत एक बर्षभित्र १८ प्रतिशत र विगत दुई बर्षभित्र ७ प्रतिशत नागरिकले आफू वा परिवारको सदस्यले सरकारी कार्यालयमा सेवा लिन गएको बताएका थिए । आफू वा आफ्नो परिवारको सदस्यले सरकारी कार्यालयबाट सेवा कहिल्यै नलिएको र सरकारी कार्यालय नगएको भन्ने ३ प्रतिशत नागरिक मात्र रहेका थिए ।

चित्र ४.१ : सार्वजनिक सेवाको प्रयोग (संख्या = १६३८,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

पालिकाको तुलना गर्दा गाउँपालिकामा बस्नेभन्दा नगरपालिकामा बस्ने नागरिकले विगत छ महिनामा बढी सार्वजनिक सेवाको प्रयोग गरेका थिए। अर्कोतर्फ महिला (३५%) भन्दा बढी पुरुष (३८%) नागरिकले विगत छ महिनामा सार्वजनिक सेवाको प्रयोग गरेका थिए। उमेर समूह अनुसार हेर्दा जति उमेर बढ्दै गएको छ त्यति सेवाको प्रयोग कम गरेको देखिन्छ। जस्तै, विगत छ महिनामा सेवा प्रयोग गरेको भन्नेमा १८–२४ बर्षका ४१ प्रतिशत थिए भने ६० र सोभन्दामाथि उमेरका जम्मा २९ प्रतिशत रहेका थिए। विगत ६ महिनामा सेवा लिएकामा निरक्षर २७ प्रतिशत रहेका थिए भने उच्च शिक्षा हासिल गरेका ५१ प्रतिशत रहेको दखिन्छ। जातीयतासँग सार्वजनिक सेवा कहिले लिएको थियो भन्नेमा केही सम्बन्ध रहेको देखिएको छ जस अनुसार विगत ६ महिनामा सेवा प्रयोग गर्नेमा सबभन्दा बढी (५०%) पहाडी ब्राह्मण संन्यासी थिए भने सबभन्दा कम (२९%) पहाडी जनजाति थिए। पेशा अनुसार सबभन्दा बढी (४४%) कृषिमा संलग्न देखिएका थिए भने सबभन्दा कम (२१%) ज्यालादारी गर्ने नागरिक रहेका थिए। हालसालै सेवा लिएकोमा आर्थिक रुपमा सबल भएका ३९ प्रतिशत भने आर्थिक रुपमा कमजोर भएका ३४ प्रतिशत नागरिक रहेको देखिएको छ (अनुसूची १: तालिका ४.१)।

४.२ सेवा प्राप्त गर्न गरेको प्रयास

सार्वजनिक सेवा लिन जाँदा सेवाग्राहीले कस्तो अनुभव गर्दछ, त्यसले समग्र सेवाप्रतिको धारणाको निर्माण गर्दछ। विगत दुई बर्षभित्रमा सार्वजनिक सेवा लिन जाँदा नागरिकले कसको सहयोग लिएको भन्ने बारेमा चित्र ४.२ मा देखाइएको छ। सार्वजनिक सेवा लिन जाँदा कसैको सहयोग लिएको छैन भन्ने नागरिक ६१ प्रतिशत रहेका थिए। परिवारको सदस्य/नातेदार/छिमेकी/साथीको सहयोग लिएकोमा ३७ प्रतिशत थिए भने सरकारी कर्मचारीको सहयोग लिएकोमा लगभग २ प्रतिशत नागरिकको भनाई रहेको थियो। राजनीतिक पार्टी सदस्य, समाजसेवी, सशुल्क सहायता र समुदायको नेताको सहयोग लिएको भन्ने अत्यन्त न्यून रहेको पाइएको थियो।

चित्र ४.२: सेवा लिनको लागि सहायता (संख्या = १००७,% मा)



नोटः समाजसेवी, सशुल्क सहायता, समुदायको नेता र अन्य भनि दिइएको उत्तरलाई एक मुष्ट रुपमा ‘अन्य’मा देखाइएको छ।

विगत दुई वर्षभित्र सेवा लिएका नागरिकलाई आफूले चाहेको सेवा प्राप्त गर्न कार्यालय कति पटक जानुपरेको थियो भनि सोधिएको प्रश्नको तथ्याङ्कलाई चित्र ४.३ मा प्रस्तुत गरिएको छ । प्रथम पटकमा नै ८३ प्रतिशत नागरिकले सेवा प्राप्त गरेको बताएका थिए भने १५ प्रतिशत ले २-३ पटकमा सेवा प्राप्त गरेको बताएका थिए । चार र सोभन्दा बढी पटकमा सार्वजनिक सेवा प्राप्त गरेको भन्ने नागरिक २ प्रतिशत मात्र रहेका थिए ।

चित्र ४.३: **सेवा प्राप्त गर्न गरेको प्रयास** (संख्या = १००७,% मा)



वासस्थानको आधारमा हेर्दा नगरपालिकामा (८१%) भन्दा बढी गाउँपालिकामा (८५%) बस्ने नागरिकले पहिलो पटकमा नै सेवा प्राप्त गरेको उल्लेख गरेका थिए । पहिलो पटकमा सेवा प्राप्त गर्न सक्नेमा सबभन्दा बढी (८६%) निरक्षर भने सबभन्दा कम (७६%) उच्च शिक्षा भएका नागरिक देखिएका छन् । जातीयता अनुसार हेर्दा एक पटकमा सेवा प्राप्त गर्न सक्नेमा सबभन्दा बढी नेवार र पहाडी जनजातिहरू क्रमश: ८८ प्रतिशत र ८४ प्रतिशत रहेका थिए भने सबभन्दा कम पहाडी क्षेत्री ठकुरी (७९%) र पहाडी ब्राह्मण संन्यासी (८०%) नागरिक रहेका थिए । एक पटकमा नै सेवा प्राप्त गर्न सक्नेमा सबभन्दा बढी (९१%) सबल आर्थिक अवस्थाका भने सबभन्दा कम (८२%) मध्यम आर्थिक अवस्था भएका नागरिक देखिएका छन् । नागरिकको लिङ्ग र उमेरका कारणले सेवा लिन गर्नु परेको प्रयासमा खासै फरक नभएको पाइएको थियो (अनुसूची १: तालिका ४.२) ।

४.३ सार्वजनिक सेवा बापत तिरेको रकम

विगत दुई वर्षभित्रमा सेवा लिएका नागरिकलाई आफू वा परिवारका सदस्यले सेवा पाउनको लागि सेवा शुल्क तिरेको र सोको रसिद प्राप्त गरेका थिए भनि प्रश्न सोधिएको थियो । सेवा शुल्क तिरेको सबै रकमको रसिद पाएको भन्नेमा ४४ प्रतिशत नागरिक थिए भने ४९ प्रतिशत नागरिकले कुनै पनि सेवा शुल्क तिर्ने नपरेको भनेका थिए । सेवा शुल्क तिरेको तर सबै रकमको रसिद नपाएको भन्नेमा मात्र ७ प्रतिशत नागरिक रहेका थिए (चित्र ४.४) ।

चित्र ४.४: सेवा प्राप्त गर्दा शुल्क तिरेको (संख्या = १००७,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन।

सेवा शुल्क तिरेको र सोको रसिद प्राप्त नगरेका नागरिक गाउँपालिकामा ५ प्रतिशत थिए भने नगरपालिकामा ८ प्रतिशत देखिएको थियो। रसिद प्राप्त नगरेको भन्नेमा लिङ्ग अनुसार खासै भिन्नता देखिएको थिएन। सबभन्दा कम ६० वर्ष भन्दामाथिका (३%) थिए भने सबभन्दा बढी १८–२४ बर्ष उमेरका (१०%) नागरिक रहेका थिए। शिक्षा अनुसार सबैभन्दा बढी (९%) उच्च र माध्यमिक शिक्षा हासिल गरेका भने सबैभन्दा कम (३%) निरक्षर नागरिकले रसिद नपाएको भनेका थिए। त्यसैगरी जातीयता अनुसार सबभन्दा बढी (१३%) रसिद नपाएको भन्नेमा नेवार र तराई जनजाति रहेका थिए। सबभन्दा बढी (११%) वेरोजगार नागरिक र सबभन्दा कम (५%) घरायसी काममा संलग्न भएका नागरिकले रसिद नपाएको बताएका थिए। आर्थिक अवस्था अनुसार मध्यमस्तरका ७ प्रतिशत र गरीव ५ प्रतिशत नागरिकले रसिद नपाएको उल्लेख गरका थिए (अनुसूची १: तालिका ४.३)।

४.४ सेवा प्रदायकको व्यवहार

पछिल्लो दुई वर्षभित्र सेवा लिएका नागरिकलाई सेवा प्रदायकले गर्ने व्यवहारको बारेमा प्रश्न सोधिएको थियो। सबभन्दा बढी (७२%) नागरिकले सरकारी कर्मचारीले सेवाग्राहीका कुराहरू राम्रोसँग सुन्छन् र बुझ्छन् भन्नेमा पूर्ण तथा केही मात्रामा सहमत रहेको बताएका थिए। त्यसैगरी ७१ प्रतिशत नागरिकले सरकारी कर्मचारीले नियमको पालना गर्छन्, नम्र भाषा प्रयोग गर्छन् र सेवाको बारेमा स्पष्ट सूचना दिन्छन् भनेका थिए। सरकारी कर्मचारीले मित्रभाव र मिलनसार व्यवहार गर्छन् भन्नेमा ६५ प्रतिशत नागरिक रहेका थिए।

पूर्ण र केही मात्रामा असहमतिका उत्तरहरूलाई एकमुष्ट हेर्दा, सरकारी कर्मचारीले झन्झट/समस्या दिन्छन् भन्नेमा ५२ प्रतिशत र समयमा सेवा उपलब्ध गराउँदैनन् भन्नेमा ४३ प्रतिशत नागरिकको भनाई रहेको थियो।

चित्र ४.५:सेवा प्रदायकको व्यवहार (संख्या = १००७,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

४.५ सार्वजनिक सेवा प्राप्त गर्दाको अवरोध

सार्वजनिक सेवा लिन जाँदा विभिन्न किसिमका अवरोध/कठिनाई आएका हुन सक्दछन् । पछिल्लो दुई वर्षभित्र सेवा लिएका नागरिकलाई अवरोधका विभिन्न तत्वहरूमा कत्तिको सहमति हुनुहुन्छ भनि सोधिएको थियो । सबभन्दा बढी (८४%) नागरिकले सार्वजनिक सेवामा आफ्नो मान्छे नहुँदा सेवा लिन अवरोध हुन्छ भन्नेमा सहमति जनाएका थिए । त्यसैगरी दूरी र असहज भौगोलिक अवस्थिति (७८%) लाई दोस्रो ठूलो अवरोधको रुपमा नागरिकले लिएको पाइएको थियो। शारीरिक अशक्तता र सरकारी कर्मचारीको व्यवहारलाई ६४ प्रतिशत नागरिकले अवरोध मानेका थिए। विचौलियाको उपस्थितिलाई सेवा लिन जाँदा अवरोधको रुपमा मान्ने नागरिक ५३% थिए । तुलनात्मक रुपमा सेवा लिन जाँदा नागरिकले आफ्नो जात (२१%), भाषा (२७%) र लिङ्ग (३२%) लाई कम अवरोधको रुपमा लिएको देखिएको छ ।

चित्र ४.६ : सार्वजनिक सेवा प्राप्त गर्दाको अवरोध (संख्या = १००७,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

४.६ सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता

यस सर्वेक्षणका सम्पूर्ण नागरिक (विगतमा सेवा लिएका र नलिएका) लाई सार्वजनिक सेवा लिन कत्तिको सहज हन्छ भनि प्रश्न सोधिएको थियो जसबाट आएको तथ्याङ्कलाई चित्र ४.७ मा प्रस्तुत गरिएको छ । अत्यधिक नागरिकले जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता जस्ता पञ्जिकरण सेवा तथा सरकारी विद्यालयमा केटाकेटी भर्ना गर्न सहज रहेको बताएका थिए । त्यसैगरी, नजिकको सरकारी अस्पतालमा वा स्वास्थ्य संस्थामा उपचार गर्न पनि नागरिकले सहज रहेको बताएका थिए ।

चित्र ४.७ : सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता (संख्या = १००७,% मा)



नोटः चित्रमा थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन ।

चित्र ४.८ मा सेवा लिन अत्यन्त असहज र असहज उत्तरलाई एकमुष्ट गरी प्रस्तुत गरिएको छ । सेवा लिन असहजता भन्नेमा सबभन्दा धेरै खानेपानीको धारा जडान गर्न (३१%) र जग्गा सम्बन्धी काम गर्न (३०%) रहेको पाइएको थियो । नागरिकता लिन र बिद्युत जडान गर्ने जस्ता काममा उत्तिकै (२१%) असहज हुने भनेका थिए । यस तथ्याङ्कले नागरिकले अति आवश्यक खानेपानी, बिजुली जस्ता सामान्य सेवा पाउन असजिलो महसूस गरेको देखाएको छ ।

चित्र ४.८: सेवा लिनको असहजता (संख्या = १००७,% मा)



४.७ सार्वजनिक सेवाको वातावरण

नेपालमा सार्वजनिक सेवाको वातावरण सम्बन्धी विभिन्न प्रश्नहरु नागरिकलाई सोधिएको थियो। चित्र ४.९ मा देखाए अनुसार सबभन्दा बढी (७९%) नागरिकले यदि कसैसँग चिनेको वा पहुँच छ भने जसरी पनि काम हुन्छ भन्नेमा सहमति जनाएका थिए। त्यसैगरी सरकारी कर्मचारीहरूले पर्याप्त तलब र सुविधा प्राप्त गरेका छन् भन्नेमा ७६ प्रतिशत, सरकारी कार्यालयमा पर्याप्त साधन र सुविधाहरू छन् भन्नेमा ६० प्रतिशत, सरकारी कार्यालयमा सेवाहरू तोकिएको मापदण्डमा उपलब्ध गराइन्छ भन्नेमा ५८ प्रतिशत र सरकारी कार्यालयमा सेवा लिन कागजपत्र मिलेर मात्र हुँदैन, घुस पनि आवश्यक छ भन्नेमा ५० प्रतिशत नागरिकले सहमति जनाएका थिए।

अर्कोतर्फ सबभन्दा बढी (५४%) नागरिकले राजनीतिक दलले आफ्नो अनुकूल काम गर्न कर्मचारीलाई हस्तक्षेप गर्दैनन् भन्नेमा असहमति जनाएका थिए। त्यसैगरी सरकारी कार्यलयमा कुनै झण्झटविना सेवा प्राप्त गर्न सकिन्छ (४९%), बिचौलियाको सहयोगविना सेवाग्राहीले आफैं सेवा लिन सक्दछन् (४६%) र सरकारी कार्यालयमा तोकिएको समयमा सेवा उपलब्ध गराइन्छ (४६%) भन्ने कथनहरूमा ठूलो प्रतिशतमा असहमति देखिएको छ।

चित्र ४.९: सार्वजनिक सेवाको वातावरण (संख्या = १६३८,% मा)



४.८ सार्वजनिक सेवा प्राप्तिको सन्तुष्टी

सेवा प्राप्ति भएपछि सेवाग्राहीले महसूस गरेको सन्तुष्टीले सार्वजनिक सेवाको प्रभावकारीता इङ्गित गरेको हुन्छ। नागरिकलाई आफूले प्राप्त गरेको सेवाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ भनि प्रश्न सोधिएको थियो जसबाट प्राप्त तथ्याङ्कलाई चित्र ४.१० मा प्रस्तुत गरिएको छ। अधिकांश नागरिकहरु (८६%) ले आफूले प्राप्त गरेको सार्वजनिक सेवाप्रति सन्तुष्टी व्यक्त गरेको पाइएको थियो भने करिव १० प्रतिशतले मात्रै असन्तुष्टी व्यक्त गरेका थिए। यस तथ्याङ्कले समग्रमा नागरिक सार्वजनिक सेवाप्रति सन्तुष्ट रहेका भन्न सकिन्छ।

चित्र ४.१० : **सार्वजनिक सेवा प्राप्तिको सन्तुष्टी** (संख्या = १६३८,% मा)



नोटः चित्रमा सेवा नलिएका र थाहा छैन/ भन्न सक्दिन भनि दिएको उत्तरलाई समावेश गरिएको छैन।

बसोवासका आधारमा हेर्दा, नगरपालिकामाभन्दा गाउँपालिकामा बस्ने नागरिक सार्वजनिक सेवाबाट अझ बढी (४%) सन्तुष्ट रहेको देखिन्छ। महिला र पुरुष नागरिकको सन्तुष्टीमा खासै अन्तर देखिएको छैन। उमेरका अनुसार सबभन्दा सन्तुष्ट देखिने समूहमा १८-२४ वर्षका थिए भने तुलनात्मक रुपमा कम सन्तुष्ट देखिएका ६० वर्ष भन्दामाथिका उमेर समूहका पाइएको थियो। शैक्षिकस्तर अनुसार सन्तुष्टीको अवस्था एकनासको देखिँदैन। सबभन्दा कम (८४%) सन्तुष्ट देखिएका निरक्षर थिए भने सबभन्दा बढी (९१%) सन्तुष्ट पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएका पाइएको थियो। पेशा अनुसार सबभन्दा बढी (८८%) कृषि र ज्यालादारी र सबभन्दा कम (८१%) वेरोजगार र व्यापारमा संलग्न नागरिकले सार्वजनिक सेवाबाट सन्तुष्ट रहेको वताएका थिए। आर्थिक अवस्था बढ्दै जाँदा सार्वजनिक सेवाबाट सन्तुष्टी बढ्दै गएको देखिन्छ। सार्वजनिक सेवाबाट सन्तुष्ट रहेकामा सबभन्दा कम (८४%) गरीव थिए भने सबभन्दा बढी (८८%) धनी देखिएका थिए (अनुसूची १ः तालिका ४.४)।

परिच्छेद

५

भविष्यप्रतिको धारणा

यस परिच्छेदमा नागरिकको भविष्यप्रतिको धारणालाई प्रस्तुत गरिएको छ । जस अनुसार देशको आगामी दिशा तथा अवस्थामा हुने परिवर्तनको अपेक्षा जस्ता विषयवस्तुहरूलाई समेटिएका छन् ।

५.१ देशको आगामी दिशा

यस सर्वेक्षणमा देशको आगामी दिशाको बारेमा नागरिकको धारणा बुझ्ने प्रयास गरिएको थियो । देशको समग्र अवस्थालाई नियाल्दा अहिले देश सही वा गलत कुन दिशामा गईरहेको छ भनि प्रश्न सोधिएको थियो जसलाई चित्र ५.१ मा प्रस्तुत गरिएको छ । गण्डकी प्रदेशमा देश सही दिशामा गईरहेको छ भन्नेमा ८९ प्रतिशत र गलत दिशामा गईरहेको छ भन्नेमा करिव ८ प्रतिशत नागरिकको धारणा रहेको थियो । अर्थात, समग्र रुपमा नेपाली नागरिक देशको भविष्यप्रति आशावादी पइएको थियो ।

चित्र ५.१: देशको आगामी दिशा (संख्या = १६३८,% मा)



यस तथ्याङ्कलाई अनुसार नगरपालिका ८८ प्रतिशत र गाउँपालिकाका ९० नागरिकले देश सही दिशा तर्फ गईरहेको छ भन्ने धारणा व्यक्त गरेका थिए । त्यसैगरी पुरुषभन्दा ३ प्रतिशत बढी महिलाहरूले देश सही दिशातिर गईरहेको बताएका थिए । उमेरको हिसाबले ४०- ५९ बर्षका नागरिक देशको भावि दिशाप्रति आशावादी देखिएका थिए । पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको र आधारभूत शिक्षा भएका ९२

प्रतिशत नागरिकले देश सही दिशाामा गईरहेको बताएका थिए। जातीयता अनुसार सबभन्दा बढी (९१%) पहाडी जनजाति र सबभन्दा कम (८४%) नेवार नागरिकले देश सही दिशातिर गईरहेको बताएका थिए। पेशागत संग्लनता अनुसार सबभन्दा बढी (९२%) कृषि र सबभन्दा कम (८३%) सेवा क्षेत्रमा संलग्न हुनेले देश सही दिशातिर गईरहेको बताएका थिए। आर्थिक अवस्था अनुसार हेर्दा धनी ९१ प्रतिशत, मध्यमस्तरका ९० प्रतिशत र गरीब ८८ प्रतिशत नागरिक देश सही दिशातर्फ गईरहेछ भन्नेमा विश्वस्त रहेको देखिएको थियो (अनुसूची १: तालिका ५.१)।

५.२ देशको आगामी अवस्थामा सुधार

नागरिकको भविष्यप्रतिको धारणा र अपेक्षाको चित्रण गर्नको लागि नागरिकलाई आउँदो ५ बर्षमा देशको र आफ्नो व्यक्तिगत अवस्थामा के परिवर्तनको अपेक्षा रहेको छ भनि सोधिएको थियो।

चित्र ५.२: देशको आगामी अवस्था (संख्या = १६३८,% मा)



चित्र ५.२ मा देशको आगामी अवस्थाप्रतिको नागरिकको धारणालाई देखाइएको छ। सबभन्दा बढी (९०%) नागरिकले नेपालको वर्तमान आर्थिक अवस्थामा सुधार हुने बताएका थिए। त्यसैगरी सरकारमाथि नागरिकको विश्वासमा ८९ प्रतिशत र नेपालको राजनीतिक अवस्थामा ८७ प्रतिशत नागरिकले सुधार हुने

बताएका थिए । आफ्नो जीवनस्तर सुधार हुने र राजनीतिक दलहरूप्रतिको विश्वास दुवैमा ८६ प्रतिशत नागरिकले सुधार हुने बताएका थिए ।

आउँदो ५ बर्षमा देशको आगामी अवस्था उस्तै रहन्छ भन्नेमा पनि नागरिकले आफ्नो धारणा प्रस्तुत गरेका थिए । जस अनुसार आफ्नो जीवनस्तर उस्तै रहन्छ भन्नेमा लगभग १० प्रतिशत नागरिकले धारणा व्यक्त गरेका थिए । त्यसैगरी राजनीतिक दलहरूप्रति नागरिकको विश्वासमा ७ प्रतिशत र नेपालको राजनीतिक अवस्थामा ७ प्रतिशत नागरिकले अवस्था उस्तै रहन्छ भनेका थिए ।

संदर्भ सामाग्री

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४/७५, ललितपुर : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

गण्डकी प्रदेशको परिचय, प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा, नेपाल ।

अनुसूची

तालिका १.१ : नागरिकको सामाजिक जनसङ्ख्याको विवरण

	संख्या	%
जम्मा	१६३८	१००.०
भौगोलिक क्षेत्र		
हिमाल	१६०	९.८
पहाड	१११८	६८.३
तराई	३६०	२२.०
नगरपालिका/गाउँपालिका		
नगरपालिका	८३८	५१
गाउँपालिका	८००	४९
पहाडे ब्राह्मण संन्यासी	३३७	२१
पहाडे क्षेत्री ठकुरी	२२३	१४
नेवार	३७	२
पहाडे जनजाति	७१९	४४
तराई जात	०	०
तराई जनजाति	४४	३
दलित	२७८	१७
मुसलमान	०	०
उमेर समूह		
१८-२४	२०२	१२
२५-३९	५०४	३१
४०-५९	५८२	३६
६० र सोभन्दा माथि	३५०	२१
शिक्षा		
निरक्षर	४२७	२६
पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	३४७	२१
आधारभूत शिक्षा	४०९	२५
माध्यमिक शिक्षा	३९४	२४
उच्च शिक्षा	६१	४
पेशा		
कृषि	४४८	२७
व्यापार	१५७	१०
सेवा	२४१	१५
ज्यालादारी	६८	४
घरायसी काम	४९५	३०
बेरोजगार	१९९	१२
अन्य पेशाहरू	३०	१.८
आर्थिक अवस्था		
धनी	३३	२.०
मध्यमस्तर	११९३	७२.८
गरीब	४१२	२५.२

तालिका २.१ : स्थानीय विकास योजनामा सहभागी र छलफल

संख्या = १६३८	सहभागी भएको छु	सहभागी भएको छैन	थाहा छैन/भन्न चाहन्न
जम्मा	३८.१	६०.२	१.६
नगरपालिका/गाउँपालिका			
नगरपालिका	४०.९	५७.८	१.३
गाउँपालिका	३५.१	६२.९	२.०
उत्तरदाताको लिंग			
पुरुष	५०.८	४७.९	१.३
महिला	२८.२	६९.८	२.०
उमेर समूह			
१८-२४	३२.२	४७. ९	०
२५-३९	४१.१	६९.८	० .४
४०-५९	४१.४	४७. ९	१ .२
६० र सोभन्दा माथि	३१.७	६९.८	५.१
शिक्षा			
निरक्षर	१६९	७७.३	५.९
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	४२.१	५७.९	०.०
आधारभूत शिक्षा	४४.७	५४.८	०.५
माध्यमिक शिक्षा	४७.५	५२.५	०.०
उच्च शिक्षा	५९.०	४१.०	०.०
जातीयता			
पहाडे ब्राह्मण संन्यासी	४६	५३.१	०.९
पहाडे क्षेत्री ठकुरी	४२.२	५७.४	०.४
नेवार	३७.८	६२.२	०.०
पहाडे जनजाति	३३.१	६४.५	२.४
तराई जनजाति	४०.९	५२.३	६.८
दलित	३७.८	६१.२	१.१
पेशा			
कृषि	४७.१	५२.०	०.९
व्यापार	४०.१	५९. ९	०.०
सेवा	५६.०	४४.०	०.०
ज्यालादारी	३६.८	६३.२	०.०
घरायसी काम	२४.८	७३.३	१.८
बेरोजगार	२४.६	६८.३	७.०
अन्य पेशाहरू	६०.०	४०.०	०.०
आर्थिक अवस्था			
धनी	४२.४	५४.५	३.०
मध्यमस्तर	४०.१	५८.६	१.३
गरीब	३२.१	६५.५	२.४
जम्मा	३८.१	६०.३	१.६

तलिका २.२ भ्रष्टाचार नियन्त्रणप्रतिको धारणा

सङ्ख्या = १६३८	सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ	सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन	सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन	थाहा छैन र भन्न सक्दिन
जम्मा	६१.२	२०	१२.८	६.१
नगरपालिका/गाउँपालिका				
नगरपालिका	६०.६	२२.३	१२.८	४.३
गाउँपालिका	६१.८	१७ .५	१२.८	८.०
उत्तरदाताको लिंग				
पुरुष	६०.१	२४.०	१२.३	३.६
महिला	६२.०	१६ .८	१३.१	८.०
उमेर समूह				
१८-२४	६३.९	२५.२	१० .४	०.५
२५-३९	६३.१	२२.४	१२.५	२.०
४०-५९	६२.२	१८ .४	१३ .१	६.४
६० र सोभन्दा माथि	५५.१	१६ .०	१४.०	१४.९
शिक्षा				
निरक्षर	५६.७	१२.९	१३.१	१७.३
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	६३.७	१६.७	१४.७	४.९
आधारभूत शिक्षा	६३.१	२२.२	१३.०	१.७
माध्यमिक शिक्षा	६१.९	२७.२	१०.४	०.५
उच्च शिक्षा	६०.७	२६.२	१३.१	०.०
जातीयता				
पहाडे ब्राह्मण संन्यासी	५८.२	२८.५	११.३	२.१
पहाडे क्षेत्री ठकुरी	५५.२	२६.९	१४.८	३.१
नेवार	७०.३	५.४	२१.६	२.७
पहाडे जनजाति	६६.३	१३.५	१२ .१	८.१
तराई जनजाति	५६.८	१५ .९	११.४	१५.९
दलित	५५.८	२३.४	१३.७	७.२
पेशा				
कृषि	६०.९	२१.४	११.८	५.८
व्यापार	६३.१	१९ .१	१५ .३	२.५
सेवा	६३.९	२४.९	१०.४	०.८
ज्यालादारी	६०.३	१७.६	१६.२	५.९
घरायसी काम	६०.८	१७ .२	१४.३	७.७
बेरोजगार	५८.३	१७ .६	११.१	१३ .१
अन्य पेशाहरू	६०.०	३०.०	१०.०	०.०
आर्थिक अवस्था				
धनी	६०.६	२७.३	९.१	३.०
मध्यमस्तर	६२.२	२१.५	११ .९	४.४
गरीब	५८.३	१४.८	१५ .५	११.४

तालिका २.३ सार्वजनिक तथा सरकारी सेवामा घुस

सङ्ख्य = १६३८	छ	छैन	सार्वजनिक सेवा लिएको छैन	थाहा छैन/भन्न सक्दिन
जम्मा	३.७	६४.६	३	१.८
नगरपालिका/गाउँपालिका				
नगरपालिका	४.४	६९.२	२४.५	१.९
गाउँपालिका	२.९	५९.८	३५.८	१.६
उत्तरदाताको लिंग				
पुरुष	४.६	६७.०	२७.२	१.१
महिला	२.९	६२.७	३२.१	२.३
उमेर समूह				
१८-२४	५.०	६९.३	२५.७	१ .३
२५-३९	४.०	७०.०	२५.८	० .३
४०-५९	३.४	६४.३	३१.३	० .०
६० र सोभन्दामाथि	२.९	५४.६	३६.३	१ .१
शिक्षा				
निरक्षर	१.९	५७.८	३४.७	५.६
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	२.३	६१.१	३५.७	०.९
आधारभूत शिक्षा	३.७	६६.०	३०.१	०.२
माध्यमिक शिक्षा	५.१	७३.४	२१.३	०.३
उच्च शिक्षा	१४.८	६५.६	१९ .७	० .०
जातीयता				
पहाडे ब्राह्मण संन्यासी	४.७	७२.४	२२.०	०.९
पहाडे क्षेत्री ठकुरी	३.६	६४.६	३०.९	०.९
नेवार	५.४	५४.१	३७.८	२.७
पहाडे जनजाति	२.९	५९.२	३५.७	२.१
तराई जनजाति	६.८	७२.७	११ .४	९.१
दलित	३.६	६९.१	२५. ९	१.४
पेशा				
कृषि	२.५	७७.७	१९.०	०.९
व्यापार	७.०	६३.७	२९.३	०.०
सेवा	५.८	७१.८	२२.०	०.४
ज्यालादारी	२.९	६१.८	३५.३	०.०
घरायसी काम	३.०	५१.३	४३.८	१.८
बेरोजगार	३.५	५७.३	३१.७	७.८
अन्य पेशाहरू	०.०	९०.०	१० .०	० .०
आर्थिक अवस्था				
धनी	९.१	६६.७	२४.२	०.०
मध्यमस्तर	४.१	६५.२	२९.०	१.७
गरीब	१.९	६२.६	३३.३	२.२

तालिका ३.१ : मतदानमा सहभागिता

सङ्ख्या = १६३८	मतदान गरे	मतदान गरिन
जम्मा	९२.०	७.८
नगरपालिका/गाउँपालिका		
नगरपालिका	९१.२	८.८
गाउँपालिका	९२.९	६.९
उत्तरदाताको लिंग		
पुरुष	९०.२	९.६
महिला	९३.४	६.५
उमेर समूह		
१८-२४	८१.७	१८.३
२५-३९	८८.९	१०.९
४०-५९	९५.७	४.३
६० र सोभन्दा माथि	९६.३	३.४
शिक्षा		
निरक्षर	९६.५	३.३
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	९६.३	३.७
आधारभूत शिक्षा	८९.७	१०.०
माध्यमिक शिक्षा	८६.०	१४.०
उच्च शिक्षा	९०.२	९.८
जातीयता		
पहाडे ब्राह्मण संन्यासी	९१.४	८.६
पहाडे क्षेत्री ठकुरी	९२.८	७.२
नेवार	९१.९	८.१
पहाडे जनजाति	९२.९	६.८
तराई जनजाति	८६.४	१३.६
दलित	९०.६	९.४
पेशा		
कृषि	९६.२	३.६
व्यापार	९६.८	३.२
सेवा	८०.९	१९.१
ज्यालादारी	८९.७	१०.३
घरायसी काम	९३.९	६.१
बेरोजगार	८६.९	१२.६
अन्य पेशाहरू	१००.०	०.०
आर्थिक अवस्था		
धनी	९७.०	३.०
मध्यमस्तर	९०.९	९.०
गरीब	९४.९	५.१

तालिका ३.२ : संविधानको बारेमा ज्ञान

सङ्ख्या = १६३८	सुनेको छ	सुनेको छैन
जम्मा	७८.६	२१.४
नगरपालिका/गाउँपालिका		
नगरपालिका	८२.२	१७.८
गाउँपालिका	७४.८	२५.३
उत्तरदाताको लिंग		
पुरुष	८८.७	११.३
महिला	७०.७	२९.३
उमेर समूह		
१८-२४	९१.१	८.९
२५-३९	८६.३	१३.७
४०-५९	७९.४	२०.६
६० र सोभन्दा माथि	५८.९	४१.१
शिक्षा		
निरक्षर	४५.७	५४.३
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	८३.९	१६.१
आधारभूत शिक्षा	८८.८	११.२
माध्यमिक शिक्षा	९५.७	४.३
उच्च शिक्षा	१००.०	०.०
जातीयता		
पहाडे ब्राह्मण संन्यासी	९०.५	९.५
पहाडे क्षेत्री ठकुरी	८७.४	१२.६
नेवार	८१.१	१८.९
पहाडे जनजाति	७२.९	२७.१
तराई जनजाति	५६.८	४३.२
दलित	७४.८	२५.२
पेशा		
कृषि	७४.८	२५.२
व्यापार	८९.८	१०.२
सेवा	९६.७	३.३
ज्यालादारी	८६.८	१३.२
घरायसी काम	७०.७	२९.३
बेरोजगार	७०.४	२९.६
अन्य पेशाहरू	९६.७	३.३
आर्थिक अवस्था		
धनी	९७.०	३.०
मध्यमस्तर	८१.१	१८.९
गरीब	६९.७	३०.३

तालिका ३.३ : स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार

सङ्ख्या = १६३८	उल्लेख्य सुधार गर्नेछन्	केही सुधार गर्नेछन्	केही पनि सुधार गर्नेछैनन्	अझ विग्रने छ	थाहा छैन/भन्न चाहन्न
जम्मा	८.२	८३.२	४.५	०.९	३.२
नगरपालिका/गाउँपालिका					
नगरपालिका	९.३	८०.४	६.१	१.२	३.०
गाउँपालिका	७.१	८६.१	२.९	०.५	३.४
उत्तरदाताको लिंग					
पुरुष	८.२	८६.०	३.४	०.६	१.८
महिला	८.२	८१.०	५.४	१.१	४.२
उमेर समूह					
१८-२४	८.९	८७.६	३.०	०.०	०.५
२५-३९	८.१	८४.१	५.८	१.६	०.४
४०-५९	८.२	८४.७	४.६	०.७	१.७
६० र सोभन्दा माथि	८.०	७६.९	३.४	०.६	११.१
शिक्षा					
निरक्षर	६.६	७७.३	४.२	०.९	११.०
पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	९.५	८४.७	३.७	१.२	०.९
आधारभूत शिक्षा	८.३	८६.१	५.१	०.२	०.२
माध्यमिक शिक्षा	८.९	८६.०	४.१	०.८	०.३
उच्च शिक्षा	८.२	७८.७	९.८	३.३	०.०
जातीयता					
पहाडे ब्राह्मण संन्यासी	९.५	८२.८	५.९	०.९	०.९
पहाडे क्षेत्री ठकुरी	९.०	८३.९	४.५	०.०	२.७
नेवार	१३.५	७५.७	५.४	२.७	२.७
पहाडे जनजाति	६.७	८५.३	३.१	०.७	४.३
तराई जनजाति	११.४	७७.३	२.३	०.०	९.१
दलित	९.०	७९.९	६.८	१.८	२.५
पेशा					
कृषि	११.८	८१.५	३.३	०.७	२.७
व्यापार	६.४	८६.६	५.७	०.६	०.६
सेवा	५.४	८८.०	५.४	१.२	०.०
ज्यालादारी	७.४	८२.४	५.९	४.४	०.०
घरायसी काम	६.७	८४.८	४.६	०.६	३.२
बेरोजगार	८.५	७४.९	४.५	०.५	११.६
अन्य पेशाहरू	१३.३	८३.३	३.३	०.०	०.०
आर्थिक अवस्था					
धनी	९.१	७५.८	९.१	०.०	६.१
मध्यमस्तर	७.९	८४.७	४.३	०.८	२.३
गरीब	९.२	७९.४	४.९	१.२	५.३

तालिका ३.४ : राजनैतिक दलका क्रियाकलाप बारे जानकारी

सङ्ख्या = १६३८	छ	छैन	थाहा छैन/भन्न सक्दिन
जम्मा	५७.९	४१.०	१.०
नगरपालिका/गाउँपालिका			
नगरपालिका	५९.३	३९.७	१.०
गाउँपालिका	५६.५	४२.४	१.१
उत्तरदाताको लिंग			
पुरुष	७२.०	२७.६	०.४
महिला	४७.०	५१.५	१.५
उमेर समूह			
१८-२४	६३.९	३६.१	०.०
२५-३९	६२.७	३७.१	०.२
४०-५९	५७.७	४१.२	१.०
६० र सोभन्दा माथि	४८.०	४९.१	२.९
शिक्षा			
निरक्षर	३०.४	६६.४	३.३
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	५९.७	३९.५	०.९
आधारभूत शिक्षा	६१.९	३८.१	०.०
माध्यमिक शिक्षा	७६.४	२३.६	०.०
उच्च शिक्षा	९५.१	४.९	०.०
जातीयता			
पहाडे ब्राह्मण संन्यासी	६९.४	३०.०	०.६
पहाडे क्षेत्री ठकुरी	५९.२	३९.९	०.९
नेवार	५४.१	४५.९	०.०
पहाडे जनजाति	५६.८	४१.७	१.५
तराई जनजाति	२७.३	७०.५	२.३
दलित	५१.४	४८.२	०.४
पेशा			
कृषि	४६.०	५३.३	०.७
व्यापार	७१.३	२८.७	०.०
सेवा	८२.२	१७.८	०.०
ज्यालादारी	६४.७	३५.३	०.०
घरायसी काम	४९.९	४८.५	१.६
बेरोजगार	५८.९	३८.१	३.०
अन्य पेशाहरू	८३.३	१६.७	०.०
आर्थिक अवस्था			
धनी	७२.७	२७.३	०.०
मध्यमस्तर	६१.२	३७.८	१.०
गरीब	४७.३	५१.५	१.२

तालिका ३.५ : नागरिक चासोका विषयहरूको सञ्चार

सङ्ख्या = १६३८	नियमित रूपमा गराउँछ	कहिलेकाही गराउँछ	विरलै गराउँछ	कहिल्यै पनि जानकारी गराउँदैन	थाहा छैन/भन्न सक्दिन
जम्मा	२६.३	५३.२	९.६	४.७	६.१
नगरपालिका/गाउँपालिका					
नगरपालिका	२९.७	५१.६	११.५	२.३	५.०
गाउँपालिका	२२.८	५५.०	७.८	७.३	७.३
उत्तरदाताको लिंग					
पुरुष	२७.०	५५.०	९.१	५.०	३.९
महिला	२५.८	५१.८	१०.१	४.४	७.८
उमेर समूह					
१८-२४	२६.७	५९.४	९.४	४.०	०.५
२५-३९	३२.५	५३.०	८.१	४.८	१.६
४०-५९	२६.५	५४.१	१०.३	४.०	५.२
६० र सोभन्दा माथि	१६.९	४८.६	१०.९	६.३	१७.४
शिक्षा					
निरक्षर	१५.२	४८.०	१०.१	७.३	१९.४
पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	२३.९	५७.३	१२.४	३.५	२.९
आधारभूत शिक्षा	३३.३	५५.५	७.६	२.९	०.७
माध्यमिक शिक्षा	३३.२	५२.३	८.९	४.८	०.८
उच्च शिक्षा	२६.२	५७.४	९.८	४.९	१.६
जातीयता					
पहाडे ब्राह्मण संन्यासी	३५.०	४९.६	११.०	१.५	३.०
पहाडे क्षेत्री ठकुरी	३२.३	५२.९	८.१	३.१	३.६
नेवार	३५.१	४५.९	१३.५	२.७	२.७
पहाडे जनजाति	२१.४	५५.४	८.८	६.८	७.६
तराई जनजाति	२७.३	५२.३	९.१	०.०	११.४
दलित	२२.३	५३.६	११.२	५.४	७.६
पेशा					
कृषि	३४.२	४९.८	८.७	४.९	२.५
व्यापार	२८.०	५९.२	७.६	३.२	१.९
सेवा	३०.७	५४.८	९.५	३.३	१.७
ज्यालादारी	१७.६	६०.३	१३.२	४.४	४.४
घरायसी काम	१९.४	५३.७	१२.५	५.९	८.५
बेरोजगार	२१.६	५१.३	५.०	४.०	१८.१
अन्य पेशाहरू	३०.०	५०.०	१०.०	६.७	३.३
आर्थिक अवस्था					
धनी	३०.३	४५.५	१५.२	६.१	३.०
मध्यमस्तर	२७.७	५४.१	८.८	४.५	४.९
गरीब	२२.१	५१.५	११.७	५.१	९.७

तालिका ३.६: सरकारले दिएको सूचनाको स्पष्टता

सङ्ख्या = १६३८	स्पष्ट रुपमा बुझ्छु	केही मात्रामा बुझ्छु	केही पनि बुझ्दिन	थाहा छैन/भन्न सक्दिन
जम्मा	३५.४	५८.८	५.७	०.१
नगरपालिका/गाउँपालिका				
नगरपालिका	३८.१	५६.५	५.३	०.१
गाउँपालिका	३२.३	६१.४	६.१	०.१
उत्तरदाताको लिंग				
पुरुष	४५.२	५३.२	१.४	०.२
महिला	२७.४	६३.३	९.१	०.१
उमेर समूह				
१८-२४	४७.७	५०.८	१.६	०.०
२५-३९	४१.१	५६.८	१.९	०.२
४०-५९	३३.८	६०.१	६.०	०.०
६० र सोभन्दा माथि	१९.५	६५.५	१४.६	०.४
शिक्षा				
निरक्षर	१३.१	६८.१	१८.५	०.३
पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	१८.५	७४.८	६.८	०.०
आधारभूत शिक्षा	३५.५	६३.७	०.८	०.०
माध्यमिक शिक्षा	६२.६	३७.१	०.०	०.३
उच्च शिक्षा	७५.४	२४.६	०.०	०.०
जातीयता				
पहाडे ब्राह्मण संन्यासी	५२.५	४५.०	२.५	०.०
पहाडे क्षेत्री ठकुरी	४३.८	५०.५	५.३	०.५
नेवार	४०.०	५४.३	५.७	०.०
पहाडे जनजाति	२७.५	६५.४	७.०	०.२
तराई जनजाति	३८.५	५३.८	७.७	०.०
दलित	२४.४	६९.०	६.६	०.०
पेशा				
कृषि	३२.३	६३.४	४.१	०.२
व्यापार	३९.६	५७.७	२.७	०.०
सेवा	६२.९	३६.२	०.४	०.४
ज्यालादारी	२१.०	७१.०	८.१	०.०
घरायसी काम	२०.०	६९.१	१०.८	०.०
बेरोजगार	४३.२	५०.३	६.५	०.०
अन्य पेशाहरू	५५.६	४४.४	०.०	०.०
आर्थिक अवस्था				
धनी	३३.३	६३.३	३.३	०.०
मध्यमस्तर	३९.३	५५.८	४.९	०.०
गरीब	२३.६	६७.५	८.३	०.६

तालिका ४.१ : सार्वजनिक सेवाको प्रयोग

सङ्ख्या = १६३८	विगत ६ महिनामा	विगत एक बर्ष भित्र	विगतदुई बर्ष भित्र	दुई बर्ष भन्दा अघि	कहिल्यै लिएको छैन सरकारी कार्यालय गएको छैन	थाहाछैन/भन्न सक्दिन
जम्मा	३६.४	१७.७	७.४	३३.३	३.२	२
नगरपालिका/गाउँपालिका						
नगरपालिका	३९.०	१९.२	८.२	२८.६	२.५	२.४
गाउँपालिका	३३.६	१६.१	६.५	३८.३	४.०	१.५
उत्तरदाताको लिंग						
पुरुष	३८.०	१७.९	६.०	३४.८	२.०	१.४
महिला	३५.१	१७.६	८.४	३२.२	४.२	२.४
उमेर समूह						
१८-२४	४०.६	२३.३	१०.४	२२.८	३.०	०
२५-३९	३८.९	२०.०	९.९	२८.२	२.६	०.४
४०-५९	३७.३	१५.५	६.२	३६.४	३.१	१.५
६० र सोभन्दामाथि	२८.८	१४.८	४.०	४१.७	४.६	६.०
शिक्षा						
निरक्षर	२७.२	१५.०	५.४	४१.७	५.६	५.२
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	३४.०	१४.१	७.८	३९.५	२.६	२.०
आधारभूत शिक्षा	३८.९	१७.८	८.६	३१.५	३.२	०.०
माध्यमिक शिक्षा	४३.७	२२.६	७.१	२४.४	१.५	०.८
उच्च शिक्षा	५०.८	२४.६	१३.१	९.८	१.६	०.०
जातीयता						
पहाडे ब्राह्मण संन्यासी	५०.४	१७.८	५.३	२२.८	२.७	०.९
पहाडे क्षेत्री ठकुरी	३६.८	१६.१	१०.३	३०.५	४.०	२.२
नेवार	३२.४	१३.५	१८.९	१८.९	१०.८	५.४
पहाडे जनजाति	२९.२	१७.७	६.७	४०.८	३.३	२.४
तराई जनजाति	४०.९	१३.६	१३.६	२५.०	४.५	२.३
दलित	३७.४	२०.१	६.८	३२.४	१.८	१.४
पेशा						
कृषि	४३.५	१७.९	७.८	२८.१	१.६	१.१
व्यापार	४२.०	१७.२	८.९	२८.७	१.९	१.३
सेवा	४३.२	२२.४	६.६	२५.७	१.२	०.८
ज्यालादारी	२०.६	२५.०	४.४	४७.१	२.९	०.०
घरायसी काम	२९.१	१३.३	८.७	४१.२	५.३	२.४
बेरोजगार	३१.२	१९.६	५.०	३४.२	४.५	५.५
अन्य पेशाहरू	३६.७	२३.३	०.०	३०.०	१०.०	०.०
आर्थिक अवस्था						
धनी	३९.४	२१.२	६.१	२१.२	६.१	६.१
मध्यमस्तर	३७.०	१९.०	७.४	३१.४	३.१	२.०
गरीब	३४.२	१३.६	७.५	३९.८	३.४	१.५

तालिका ४.२ : सेवा प्राप्त गर्न गरेको प्रयास

सङ्ख्या = १६३८	एक पटकमा	२-३ पटकमा	४ र सो भन्दा माथि
जम्मा	८२.७	१५	२.३
नगरपालिका/गाउँपालिका			
नगरपालिका	८०.८	१६.९	२.३
गाउँपालिका	८५.१	१२.७	२.२
उत्तरदाताको लिंग			
पुरुष	८१.७	१६.३	२.०
महिला	८३.५	१४.०	२.५
उमेर समूह			
१८-२४	८१.३	१६.०	२.७
२५-३९	८३.६	१३.८	२.६
४०-५९	८२.२	१६.६	१.२
६० र सोभन्दा माथि	८३.२	१३.२	३.६
शिक्षा			
निरक्षर	८५.७	१२.३	२.०
पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	८२.०	१६.०	२.१
आधारभूत शिक्षा	८५.४	११.२	३.४
माध्यमिक शिक्षा	७९.९	१८.७	१.४
उच्च शिक्षा	७५.९	२०.४	३.७
जातीयता			
पहाडे ब्राह्मण संन्यासी	७९.८	१८.५	१.६
पहाडे क्षेत्री ठकुरी	७८.७	१५.६	५.७
नेवार	८७.५	८.३	४.२
पहाडे जनजाति	८५.२	१३.२	१.६
तराई जनजाति	८०.०	१६.७	३.३
दलित	८४.४	१४.०	१.७
पेशा			
कृषि	८१.९	१४.८	३.२
व्यापार	८६.९	११.२	१.९
सेवा	८६.२	१२.६	१.१
घरायसी काम	८३.४	१४.२	२.४
बेरोजगार	७६.६	२१.६	१.८
अन्य पेशाहरू	६६.७	३३.३	०.०
आर्थिक अवस्था			
धनी	९०.९	४.५	२.०
मध्यमस्तर	८१.९	१६.१	३.१
गरीब	८४.६	१२.३	२.३

तालिका ४.३ : सेवा लिदाँ शुल्क तिरेका

सङ्ख्या = १००७	तिरे (तिरेको सबै रकमको सिद पाए)	तिरे,तर तिरेको सबै रकमको रसिद पाईन	तिरेको छैन	थाहा छैन/भन्न सक्दिन
जम्मा	४४.०	६.६	४८.६	०.९
नगरपालिका/गाउँपालिका				
नगरपालिका	५०.१	७.७	४०.९	१.३
गाउँपालिका	३६.४	५.१	५८.०	०.४
उत्तरदाताको लिंग				
पुरुष	४६.०	६.८	४६.३	०.९
महिला	४२.४	६.४	५०.४	०.९
उमेर समूह				
१८-२४	४०.०	९.३	५०.०	०.७
२५-३९	४६.७	७.५	४५.२	०.६
४०-५९	४५.८	६.१	४८.१	०.०
६० र सोभन्दामाथि	३८.३	३.०	५५.१	३.६
शिक्षा				
निरक्षर	४०.९	३.०	५३.७	२.५
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	३८.१	७.७	५३.१	१.०
आधारभूत शिक्षा	४२.७	५.२	५१.७	०.४
माध्यमिक शिक्षा	४९.५	९.०	४१.२	०.३
उच्च शिक्षा	५३.७	९.३	३७.०	०.०
जातीयता				
पहाडे ब्राह्मण संन्यासी	५०.४	६.०	४३.१	०.४
पहाडे क्षेत्री ठकुरी	५२.५	९.२	३७.६	०.७
नेवार	४१.७	१२.५	४५.८	०.०
पहाडे जनजाति	४०.८	५.५	५३.०	०.८
तराई जनजाति	४३.३	१३.३	४०.०	३.३
दलित	३५.८	५.६	५७.०	१.७
पेशा				
कृषि	४३.९	६.८	४९.४	०.०
व्यापार	४९.५	७.५	४३.०	०.०
सेवा	४९.४	७.५	४२.०	१.१
ज्यालादारी	५०.०	०.०	५०.०	०.०
घरायसी काम	३९.९	४.७	५४.५	०.८
बेरोजगार	३६.९	१०.८	४७.७	४.५
अन्य पेशाहरू	५०.०	०.०	५०.०	०.०
आर्थिक अवस्था				
धनी	५०.०	०.०	५०.०	०.०
मध्यमस्तर	४५.४	७.३	४६.२	१.१
गरीब	३८.६	४.८	५६.१	०.४

तालिका ४.४: सार्वजनिक सेवा प्राप्तिको सन्तुष्टी

सङ्ख्या = १६३८	पूर्ण सन्तुष्ट छु	केही सन्तुष्ट छु	केही असन्तुष्ट छु	पूर्ण असन्तुष्ट छु	सेवा लिएको छैन	थाहा छैन/भन्न सक्दिन
जम्मा	१२.६	७३.९	७.७	२.३	१.६	१.८
नगरपालिका/गाउँपालिका						
नगरपालिका	१३.०	७२.०	८.६	३.५	१.४	१.६
गाउँपालिका	१२.१	७६.०	६.८	१.१	१.९	२.१
उत्तरदाताको लिंग						
पुरुष	१२.०	७४.३	८.५	२.५	१.३	१.४
महिला	१३.०	७३.६	७.०	२.२	२.०	२.२
उमेर समूह						
१८-२४	१०.९	७६.७	१०.४	०.५	१.०	०.५
२५-३९	१२.९	७४.०	८.३	२.८	१.२	०.८
४०-५९	१२.९	७४.२	७.२	२.९	१.५	१.२
६० र सोभन्दामाथि	१२.६	७१.७	६.०	१.७	२.९	५.१
शिक्षा						
निरक्षर	१५.०	६९.१	४.७	१.६	३.५	६.१
पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	१०.४	८०.४	६.१	१.७	१.२	०.३
आधारभूत शिक्षा	१२.५	७३.८	९.८	२.४	१.२	०.२
माध्यमिक शिक्षा	११.९	७३.४	१०.४	३.३	०.८	०.३
उच्च शिक्षा	१३.१	७५.४	६.६	३.३	०.०	१.६
जातीयता						
पहाडे ब्राह्मण संन्यासी	११.९	७३.०	९.८	३.९	०.९	०.६
पहाडे क्षेत्री ठकुरी	१३.५	७२.६	११.२	०.९	०.९	०.९
नेवार	१८.९	६४.९	१०.८	२.७	२.७	०.०
पहाडे जनजाति	१२.७	७५.१	५.७	१.७	२.२	२.६
तराई जनजाति	२०.५	६८.२	४.५	०.०	०.०	६.८
दलित	१०.४	७५.२	७.६	३.६	१.८	१.४
पेशा						
कृषि	१६.७	७१.९	४. ९	३.१	२.०	१.३
व्यापार	१२.१	६९.४	१३ .४	४.५	०.६	०.०
सेवा	१०.८	७६.८	९.१	२.९	०.०	०.४
ज्यालादारी	११.८	७६.५	४.४	४.४	१.५	१ .५
घरायसी काम	१०.५	७६.८	७.९	१.०	१.६	२.२
बेरोजगार	११.१	७०.९	८.०	१.०	३.५	५.५
अन्य पेशाहरू	१३.३	७३.३	१०.०	०.०	३.३	० .०
आर्थिक अवस्था						
धनी	१२.१	७५.८	१२.१	० .०	०.०	०.०
मध्यमस्तर	११.८	७५.४	७.७	२.१	१.५	१.४
गरीब	१४.८	६९.४	७.३	३.२	२.२	३.२

तालिका ५.१ : देशको आगामी दिशा

सङ्ख्या = १६३८	सही दिशातर्फ गइरहेको छ	गलत दिशातर्फ गइरहेको छ	थाहा छैन/भन्न सक्दिन
जम्मा	८९.३	७.५	३.२
नगरपालिका/गाउँपालिका			
नगरपालिका	८८.३	९.१	२.६
गाउँपालिका	९०.४	५.९	३.८
उत्तरदाताको लिंग			
पुरुष	८७.७	१०.३	२.०
महिला	९०.६	५.३	४.१
उमेर समूह			
१८-२४	८८.१	९.९	२.०
२५-३९	८९.१	९.५	१.४
४०-५९	९१.६	६.२	२.२
६० र सोभन्दा माथि	८६.६	५.४	८.०
शिक्षा			
निरक्षर	८८.५	३.७	७.७
पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	९१.९	६.३	१.७
आधारभूत शिक्षा	९१.९	७.१	१.०
माध्यमिक शिक्षा	८६.८	११ २	२.०
उच्च शिक्षा	७८.७	१९.७	१.६
जातीयता			
पहाडे ब्राह्मण संन्यासी	८८.१	१०.१	१.८
पहाडे क्षेत्री ठकुरी	८५.२	१२ .१	२.७
नेवार	८३.८	८.१	८.१
पहाडे जनजाति	९१.२	५.६	३.२
तराई जनजाति	८४.१	९.१	६.८
दलित	९०.६	५.४	४.०
पेशा			
कृषि	९१.७	५.१	३.१
व्यापार	९०.४	७.६	१.९
सेवा	८३.०	१५.८	१.२
ज्यालादारी	९१.२	७.४	१.५
घरायसी काम	९०.३	६.७	३.०
बेरोजगार	८७.४	४.५	८.०
अन्य पेशाहरू	९०.०	१०.०	०.०
आर्थिक अवस्था			
धनी	९०.९	९.१	०.०
मध्यमस्तर	८९.९	७.३	२.८
गरीब	८७.६	८.०	४.४

अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
ईमेलः rcsd@nasc.org.np
www.nasc.org.np

ISBN 9937947413